**मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:**
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

गृहमन्त्रीले राजिनामा दिएर छानविनको लागि मार्ग प्रशस्त गर्न जरुरीः कोईराला
समाचार पृष्ठ ५ मा



● वर्ष ३ ● अंक १९१ ● २०८२ साल जेष्ठ ११ गते आइतबार ● Sunday 25, May 2025 ● सूर्योदयः बिहान ५:१५ बजे ● सूर्यास्तः साँझ ६:४९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## भिजिट भिषा प्रकरण पुष्टि भए राजनीतिबाट सन्यास लिने

# गृहमन्त्री लेखकको घोषणा, मधेशको नेतृत्वमा कांग्रेसको आँखा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गृहमन्त्री तथा नेपाली कांग्रेसका नेता रमेश लेखकले आफू भिजिट भिषा प्रकरणमा संलग्न नरहेको दाबी गर्दै त्यसको पुष्टि भए राजनीतिबाट सन्यास लिने घोषणा गरेका छन् । शनिबार जनकपुरधामस्थित नेपाली कांग्रेस पार्टी कार्यालयमा आयोजित कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै गृहमन्त्री लेखकले पछिल्लो समय सामाजिक सञ्जालमा भिजिट भिषा सम्बन्धी चलिरहेका प्रचारप्रति यस्तो प्रतिक्रिया दिएका हुन् । लेखकले दुई–तीन दिन यता आफूले यसबारेमा अध्ययन र तथ्य संकलन गरिरहेको जनाउँदै अहिले मिडिया वा सामाजिक सञ्जालमा नबोल्नुको कारण यही रहेको बताए । 'धेरै कुरा मैले बुझिसकेको छु, केही दिनमा म आफैं पनि सार्वजनिक रूपमा बोल्नेछु,' गृहमन्त्री लेखकले भने, 'जुन दिन मेरो संलग्नता पुष्टि हुन्छ, त्यही दिन म राजनीतिबाट सन्यास लिन्छु । म जीवनभर राजनीतिमा रहँदा कुनै पनि पार्टीको टाउको निहुराउने काम गरेको छैन ।'




गृहमन्त्री लेखकले आफूमाथि लागेको आरोप निराधार रहेको दाबी गर्दै यसले पार्टीको प्रतिष्ठा वा संगठनमा असर पार्ने खालको कुनै काम नगरेको प्रष्ट पारे । 'ट्वीटरमा लेखिएको सबै कुरा सत्य होइन । सत्य छानबिनको आधारमा आउँछ,' उनले भने । गृहमन्त्री लेखकले मधेश प्रदेश सरकार पनि दुई पार्टीबीच पालो–पालो नेतृत्व गर्ने सहमति अनुरूप फेरबदल हुने जानकारी दिए । 'मधेश प्रदेश सरकारमा पालो–पालो नेतृत्व गर्ने कुरामा केन्द्रमा पनि छलफल भइरहेको छ । कांग्रेसको नेतृत्वमा मधेश सरकारको गठन गरिने छ,' उनले भने । उनका अनुसार लामो समयदेखि प्रदेश नेतृत्वमा नपुगेको कांग्रेसले अब भूमिका खेल्नुपर्ने अवस्था आएको छ । 'साथीहरूले उठाएका प्रश्नहरू जायज छन् । त्यसलाई पार्टीले गम्भीरतापूर्वक लिएको छ,' उनले थपे । गृहमन्त्री लेखकले वर्तमान सरकार गठन भएको १० महिनामै देशको अर्थतन्त्र, शान्ति सुरक्षालगायत क्षेत्रमा उल्लेखनीय सुधार देखिएको दाबीसमेत गरे । 'नेपाली उत्पादनको निर्यात ऐतिहासिक रुपमा वृद्धि भएको छ । यो अर्थतन्त्र सुधारको संकेत हो,' उनले भने । उनले मधेश प्रदेशमा स्थानीयता बुझ्ने, जनसंवेदनशील प्रहरी प्रमुखहरूको नियुक्तिले जनविश्वास र राज्यप्रतिको सम्बन्ध सुदृढ बनाउने प्रयास भएको बताए । साथै, जनकपुरधाममा सम्पन्न प्रदेशस्तरीय सुरक्षा समीक्षात्मक बैठकलाई उल्लेख गर्दै लेखकले चारवटै सुरक्षा निकाय र केन्द्रका वरिष्ठ अधिकारीहरूबीच समन्वयबाट मधेशको सुरक्षा प्रणाली थप मजबुत हुने विश्वास व्यक्त गरे । गृहमन्त्री लेखकले द्वन्द्वकालीन मुद्दा सम्बोधनका लागि गठन गरिएको सत्य निरूपण तथा मेलमिलाप आयोगको कामलाई सरकारले गम्भीरतापूर्वक लिएको दाबी गरे ।

'न्याय र मेलमिलापको संयोजनमार्फत पीडितले राहत महसुस गर्ने गरी आयोगले काम गर्नेछ,' उनले उल्लेख गरे । गृहमन्त्री लेखकले जनकपुरधामलाई ऐतिहासिक, सांस्कृतिक तथा राजनीतिक चेतनाको उर्वर भूमि भनेर उल्लेख गर्दै यस क्षेत्रबाट जनस्तरमा देखिने चासो र सहभागिता लोकतान्त्रिक अभ्यासका लागि प्रेरणादायी भएको बताए ।

उनले वर्तमान सरकार दुई प्रमुख दलबीचको सहमतिमा आधारित रहेको र यस्तो सहमति राष्ट्रहितका साझा मुद्दामा एकजुट भई अघि बढ्ने सन्देश भएको उल्लेख गरे ।

## भिजिट भिसा प्रकरणमा गृहले भन्यो- कुनै संलग्नता छैन

भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको कुनै संलग्नता नभएको गृह मन्त्रालयले दावी गरेको छ । शनिवार गृह मन्त्रालयका सह–सचिव छवि रिजालले एक विज्ञप्ति जारी गर्दै गृह मन्त्रालयको कुनै संलग्नता नरहेको जिकिर गरेका हुन् । 'विगत केही दिनयता त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयको घटनासँग मन्त्रालयको नेतृत्वलाई जोडेर विभिन्न पत्रपत्रिका तथा सामाजिक सञ्जालमा आएका समाचार एवम् क्रियाप्रतिक्रिया मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस प्रकारका कपोलकल्पित, भ्रामक र आधारहीन समाचार प्रकाशित र प्रसारित भएको प्रति मन्त्रालय दुःख व्यक्त गर्दछ,' सहसचिव रिजालले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यस्ता कुनै पनि गैरकानूनी वा भ्रष्टाचारजन्य कार्यमा मन्त्रालयको नेतृत्वको कुनै प्रकारको संलग्नता नरहेको र नरहने विषय स्पष्ट गर्दछौं ।'

शनिवार धनुषाको एक कार्यक्रममा गृहमन्त्री रमेश लेखकले बिज्ञप्ति जारी हुने जनाएको केही समयपछि यो विज्ञप्ति आएको हो । 'बिषयको गम्भीरतालाई मध्यनजर गरी सत्यतथ्य विषयवस्तु मात्र प्रकाशन र प्रसारण गरिदिनु हुन सबैमा अनुरोध गर्दछौं । मुलुकमा शान्ति सुरक्षा, अमनचयन तथा सुशासन कायम गर्नका लागि गृह प्रशासन निरन्तर क्रियाशील रहेको छ,' विज्ञप्तिमा भनिएको छ, 'मन्त्रालयले सबै प्रकारका अनियमितता र अपराधका घटनामा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै गृह प्रशासनलाई व्यवस्थित गर्नका निम्ति नीतिगत तथा संस्थागत सुधारका कार्यहरू समेत गर्दै आइरहेको छ ।' त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयको काम कारबाहीका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले छानविन गरिरहेको हुँदा अनुसन्धान कार्य पूरा भएपछि सत्यतथ्य व्यहोरा सबैको जानकारीमा आउने विज्ञप्तिमा लेखिएको छ । त्यस्तै आयोगबाट हुने छानविन तथा अनुसन्धान सम्बन्धी कार्यमा मन्त्रालयको पूर्ण सहयोग रहने दाबी गृह मन्त्रालयले गरेको छ ।

# मुख्यमन्त्रीलाई भेट्नै पाउँदैनन् शहीद परिवार

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारले मधेशका शहीद तथा घाइते परिवारमाथि न्याय गर्न नसकेको भन्दै जेठ १२ गतेदेखि अनिश्चितकालीन धर्ना दिने चेतावनी दिएका छन् ।

उनीहरुले मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहको कार्यालयअगाडि धर्नाको तयारी गरेका हुन् । शनिबार रेडियो वीरगंज परिसरमा आइपुगेका मधेशका ८ जिल्लाका शहीद तथा घाइते परिवारले जनमत नेतृत्वको मधेश सरकारले शहीद तथा घाइते परिवारमाथि निरन्तर अपमान गरिरहेको बताए । उनीहरुले नेकपा एमालेको सहारामा चलिरहेको मधेश सरकारले जागिरमा रहेका शहीद तथा घाइते परिवारको रोजिरोटी खोसेको, मधेश शहीद प्रतिष्ठानमा रिक्त दुई सदस्य नियुक्त गर्न नचाहेको र मुख्यमन्त्री सिंह तथा गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले भेटसमेत गर्न नमानेको आरोप लगाएका छन् । वैशाखमा गृह मन्त्रालयअगाडि धर्ना बसेपछि मुख्यमन्त्री सिंह र कानूनमन्त्री लेखीले दिएको आस्वासन पूरा नभएको, भेट्न नपाइएको, रोजिरोटी खोसेको भन्दै उनीहरुले विरोध गरेका हुन् । अघिल्लो प्रदेश सरकारले शहीद तथा घाइते परिवारका २६ जनालाई रोजगारी दिएकामा अहिलेको सरकारले रोजगारी खोसेको, जम्मा ९ जनालाई करारको जागिर दिएको र ६ जना त डोरहाजिरीमा जागिरे रहेको बताएका छन् । मधेशी शहीद प्रतिष्ठानमा तत्काल नियुक्ति, शहीद तथा घाइते परिवारको रोजगारीको ग्यारेन्टी र उनीहरुको परामर्शमा शहीद प्रतिष्ठानमा बजेट निर्माण बाहेक अरु कुनै माग नरहेको भन्दै उनीहरुले धर्नाको चेतावनी दिएका हुन् ।

# अवैध अस्पताल पुनः खोल्न स्थानीय तहको मिलेमतोः मुख्यमन्त्री सिंह

**मधेशदृष्टि**
**सर्लाही ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले अवैध रूपमा सञ्चालनमा रहेका निजी अस्पतालहरू बन्द गराएपछि पनि स्थानीय सरकारहरू पैसा लिएर ती अस्पताल पुनः सञ्चालनमा ल्याइरहेको आरोप लगाएका छन् । शनिबार सर्लाहीको बरहथवा नगरपालिका–१ नयाँ बजारमा आयोजित जनमत पार्टीको आमसभा तथा पार्टी प्रवेश कार्यक्रममा बोल्दै मुख्यमन्त्री सिंहले आफूले मापदण्डविपरीत सञ्चालित अस्पताहरूमा कडा कारबाही गरेर बन्द गराए पनि स्थानीय तहहरूले अनियमित ढंगले ती अस्पतालहरू फेरि चल्न दिने प्रवृत्तिले शासन प्रणालीमाथि गम्भीर प्रश्न खडा भएको बताए । 'मैले अनुगमनका क्रममा दर्ता नभएका र मापदण्ड विपरीत सञ्चालनमा रहेका अस्पतालहरू बन्द गराएँ,' सिंहले भने, 'तर स्थानीय तहहरू धमाधम पैसा लिएर ती अस्पताल फेरि खोल्न दिइरहेका छन् । यसले जनताको स्वास्थ्य सुरक्षामा नै खेलवाड भइरहेको छ ।' मुख्यमन्त्री सिंहले प्रदेशमा संयुक्त सरकारको नेतृत्व सम्हाल्दा विभिन्न दलहरूसँगको तालमेलका कारण आफूले चाहेको रूपमा प्रभावकारी काम गर्न नसकेको गुनासो पनि गरे । उनले सत्ता साझेदारीको समीकरणबीच आफ्ना योजनाहरू अवरुद्ध भएका बताउँदै पनि भ्रष्टाचार र अनियमितताको विरुद्ध संघर्ष भने नछाड्ने अठोट दोहोर्याए । कार्यक्रममा मुख्यमन्त्री सिंहले आगामी संघीय निर्वाचनमा जनमत पार्टीले ५० भन्दा बढी प्रतिनिधिसभा सिट जित्ने लक्ष्य लिएको घोषणा गर्दै पार्टी अध्यक्ष डा. सीके राउतलाई प्रधानमन्त्री बनाउने रणनीतिक अभियानमा लाग्ने उद्घोष गरे । 'अब हामी राष्ट्रव्यापी रूपमा विस्तार हुँदैछौं । डा. राउतज्यूलाई प्रधानमन्त्री बनाउने हाम्रो सपना हो,' सिंहले भने, 'जनताको विश्वास जितेर त्यसलाई यथार्थमा बदल्ने दिशामा हाम्रो यात्रा तीव्र रूपमा अघि बढ्दैछ ।' मुख्यमन्त्री सिंह बरहथवा–१ स्थित खर्साल घाटमा पुगेर बागमती नदीको तटबन्धको निरीक्षणमा समेत जुटे । उनले बाढीको जोखिम न्यूनीकरण र नदी नियन्त्रणको प्रभावकारी उपायबारे स्थानीय अधिकारीहरूसँग छलफल गरेका थिए । उनले बाढी जोखिममा पर्ने समुदायको सुरक्षालाई प्राथमिकतामा राखेर प्रदेश सरकारले आवश्यक बजेट र योजना निर्माण गरिरहेको जानकारी दिँदै भौतिक पूर्वाधार तथा विपद् व्यवस्थापनमा सरकारको प्रतिबद्धता जनाए ।

# प्राकृतिक स्रोतको संरक्षण नगरे मानव अस्तित्व नै संकटमा पर्छः नेता निधि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले प्रकृतिलाई एकोहोरो रूपमा दोहन गर्ने मानविय प्रवृत्ति आफैंका लागि घातक साबित हुने चेतावनी दिएका छन् । नेपाल खानेपानी संस्थान कर्मचारी संघको केन्द्रीय कार्यसमितिद्वारा जनकपुरधाममा आयोजित कार्यक्रममा बोल्दै नेता निधिले प्राकृतिक स्रोत–साधनको दिगो उपयोग र व्यवस्थापनमा राज्यका सबै तहले गम्भीर ध्यान दिनुपर्ने आवश्यकता औंल्याए । पूर्वगृहमन्त्री निधिले मानव सभ्यताले सयौं वर्षदेखि स्रोतको दोहन गर्दै आएको भए पनि त्यसको पुनःभरणबिना दीर्घकालीन टिकाउ विकास सम्भव नरहेको तर्क गरे । 'दशकौं अघि विद्वानहरूले दिएको चेतावनी आज सत्य साबित हुँदैछ,' उनले भने, 'यदि हामी जमिनमुनिको पानी, जंगल, माटो, हावा जस्ता जीवनदायिनी तत्वको पुनःपूर्ति नगरी केवल उपभोगमै केन्द्रित भयौं भने एकदिन सबै रित्तन्छ, अनि हामीले के




गर्ने?' उनले सबै तीन तहका सरकारहरू मिलेर खानेपानीलाई सर्वप्रथम प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै भूमिगत जलस्रोतको संरक्षणका लागि दीर्घकालीन योजनाबद्ध काम गर्नुपर्ने बताए । कार्यक्रममा संस्थानका महाप्रवन्धक अजयबाबु ढकालले नेपालमा पानीको माग दिनप्रतिदिन बढिरहेको तर संरक्षणको चेतना कमजोर हुँदै गएको बताउँदै यस प्रवृत्तिले निकट भविष्यमा जलसंकट निम्त्याउने संकेत देखिएको बताए । 'हामीसँग वर्षामा झर्ने प्राकृतिक पानीको भरपुर स्रोत छ । तर, त्यो पानी संकलन गर्ने प्रविधि, चेतना र संरचना हामीसँग छैन,' ढकालले भने, 'पानी ल्याउन, प्रशोधन गर्न र वितरण गर्न ठूलो लागत लाग्छ, त्यसैले पानी निःशुल्क सम्भव छैन । सबै नागरिकले पानीको मूल्य बुझ्नुपर्छ ।' जनकपुरधामका नगरप्रमुख मनोज कुमार साहले अब जनकपुरमा कमला नदीको पानी ल्याएर पानीको दीर्घकालीन समाधान खोज्नुपर्ने धारणा राखे । उनले खानेपानीको समस्या समाधान गर्न वैज्ञानिक र योजनाबद्ध दृष्टिकोण आवश्यक भएको उल्लेख गरे । कार्यक्रममा कर्मचारी संघका अध्यक्ष केदार धमलाले जल स्रोतको दिगोपनका लागि आजैबाट रणनीतिक सुधार आवश्यक रहेको बताए । 'यदि अहिले सुधार गरिएन भने आगामी ३० वर्षमा हाम्रो पुस्ताले गम्भीर असर भोग्नुपर्नेछ,' उनले भने, 'त्यसैले पानीको भविष्य सुनिश्चित गर्न सबै तहमा गम्भीर छलफल र कार्यान्वयन हुनुपर्छ ।' कार्यक्रममा संघका स्थानीय अगुवा अजय कुमार प्रसाद मिन्टुले सहजीकरण गरेका थिए । कार्यक्रममा ई. शिरिषराज भण्डारी र ई. राकेश गोइतले मधेश प्रदेशको खानेपानीको अवस्था, पहुँच, संरचना र चुनौतीका विषयमा विस्तृत विश्लेषण प्रस्तुत गरे । त्यस्तै संस्थानको इन्जिनियरिङ महाशाखा प्रमुख निरण महर्जनले राष्ट्रिय स्तरमा खानेपानी सेवा वितरणमा देखिएका बाधा, समाधानका उपाय र आगामी योजना सम्बन्धी कार्यपत्र पेस गरे ।

# अमेरिका भन्दै ५५ लाख ठगी गर्ने पक्राउ

**काठमाडौं ।**
वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी अमेरिका र कुवेत पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।
पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका–२६
नयाँबसपार्क बस्ने रूकुम पश्चिम त्रिवेणी गाउँपालिका–४ पोखरी घर भएका ३० वर्षीय शक्ति खड्का र काठमाडौं महानगरपालिका–९ बस्ने सप्तरी हनुमाननगर कंकालिनी नगरपालिका–१ घर भएका २७ वर्षीय प्रविन कुमार मण्डल रहेका छन् ।
पक्राउ मध्ये शक्तिले अमेरिका पठाइदिछु भन्दै १ जना पीडितबाट ५५ लाख रूपैयाँ र प्रविनले कुवेत पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट ५ लाख रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले शक्तिलाई काठमाडौं महानगरपालिका–२६
नयाँबसपार्कबाट र प्रविनलाई काठमाडौं महानगरपालिका–९ बाट पक्राउ गरेको हो ।
उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

# कान्तिलोकपथ सडक अवरुद्ध

**बागमती ।**
हेटौँडा–काठमाडौँ जोड्ने कान्तिलोकपथ सडक गए रातिदेखि अबरुद्ध भएको छ ।
मकवानपुरको भीमफेदी गाउँपालिका–८ र ललितपुरको बागमती गाउँपालिका–२ जोड्ने बागमती पुलको साइडमा भरिएको ग्राभेल माटो वर्षासँगै आएको बाढीले बढाएपछि गए रातिदेखि कान्तिलोकपथ सडक पूर्ण रुपमा अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।
सडक अवरुद्ध भएपछि सवारीसाधन आवतजावत बन्द भएको र अवरुद्ध सडक खुलाउने पहल भइरहेको उनले बताए ।
कान्तिलोकपथ सडक अवरुद्ध रहेकाले हेटौँडा–काठमाडौँ आवतजावत गर्न वैकल्पिक सडक प्रयोग गर्न उनले आग्रह गरे ।रासस

# रघुगंगा गाउँपालिकाको प्रशासकीय भवन निर्माण शुरू



**म्याग्दी ।**
म्याग्दीको रघुगंगा गाउँपालिकाको सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण सुरु भएको छ । गाउँपालिकाको केन्द्र मौवा फाँटमा निःशुल्क रूपमा समुदायबाट जग्गा व्यवस्थापन भएपछि पालिकाको प्रशासकीय भवन निर्माण सुरु गरिएको हो । शुक्रवार धार्मिक विधि पूर्वक पूजा आजासहित गाउँपालिका अध्यक्ष भबबहादुर भण्डारीले प्रशासकीय भवनको शिलान्यास गरेका छन ।
गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ माविनियोजन गरेको दुई करोड रुपैयाँ बजेटबाट प्रशासकीय भवन निर्माण सुरु गरेको हो । मातृभुमी डेभलपर एन्ड इन्जिनियरिङ प्रालिले एक करोड ३१ लाख ९८ हजार रुपैयाँ मा ठेक्का सम्झौता गरेर कार्य क्षेत्रमा परिचालन भएको छ ।
दुई वर्षमा भवन निर्माणकार्य सम्पन्न गर्ने लक्ष्यसहित भवनको शिलान्यास गरी निर्माणकार्य अघि बढाइएको गाउँपालिका अध्यक्ष भण्डारीले जानकारी दिए । उनकाअनुसार, नौ करोड ४० लाख ४४ हजार ९५० रुपैयाँ लागत अनुमान गरिएको भवन निर्माणको लागि थप बजेटका लागि गण्डकी प्रदेश सरकार र सङ्घीय सरकारमा प्रस्ताब पेश गरिएको छ ।
गाउँपालिकाले ६ वर्ष अघिदेखि प्रशासकीय भवन निर्माणको लागि जग्गा व्यवस्थापनको काम सुरु गरेको थियो । ‘करोडौँ मूल्य पर्ने जग्गालाई समुदायबाट निःशुल्क उपलब्ध भएको छ, गाउँपालिकाको प्रशासकीय भवन निर्माण सुरु हुनुमा जग्गाधनीको ठूलो योगदान छ, हामीले पालिकाको सेवालाई सरल र सहज बनाउन पालिकालाई पूर्वाधारयुक्त बनाउनका लागि भवन बनाउने गौरबको योजना अघि बढाएका हौँ,’ गाउँपालिकाअध्यक्ष भण्डारीले भने ।
यसवर्ष भवनको जगबसालेर स्टक्चर र पहिलो तला ढलानको काम सम्पन्न हुने गाउँपालिकाका सिनियर सब इञ्जिनियर कमलबहादुर चोखालले बताए । तीन तलामा ३३ वटा कोठा र सभाहलसहितको सुविधा सम्पन्न भवन निर्माका लागि जग्गा सम्माएर जगबसाउने काम सुरु भएको उनले जानकारी दिए । निर्माण व्यवसायिले भवन निर्माणका लागि आवश्यक पर्ने निर्माण सामाजिक र उपकरणको बन्दोबस्तसँगै जनशक्ति कार्यक्षेत्रमा परिचालन गरेको जनाएको छ ।
रघुगंगा गाउँपालिकालाई समुदायबाट २७ जनाले १४ रोपनी जग्गा निःशुल्क उपलब्ध गराएका छन् । करोडाँै मुल्य पर्ने जग्गा गाउँपालिकाको भवनको लागि निःशुल्क उपलब्ध भएपछि दुई वर्षअघि गाउँपालिकाले निर्माण गरेको बहुउदेश्यीय भवनबाट सेवाप्रवाह गर्दै आएको छ । बहुउदेश्यीय भवनलाई कर्मचारी आवास गृहको रूपमा उपयोग गर्ने र सुविधा सम्पन्न भवन निर्माण गरेर नागरिकलाई सरल र सहज रूपमा सेवा उपलब्ध गराउने उद्धेश्यले प्रशासकीय भवन निर्माण गर्न लागिएको गाउँपालिका अध्यक्ष भण्डारीले बताए ।
गाउँपालिकाको भवन निर्माण प्रयोजनका लागि २७ जना जग्गा धनीको २५ रोपनी जग्गा एकीकरण गरी प्लटिङ गरीएको थियो । जग्गा व्यवस्थापनकार्य
विधिअनुसार, करिब १४ रोपनी जग्गा गाउँपालिकाको नाममा पास गरिएको छ भने जग्गा धनीलाई छ रोपनी जग्गा घडेरीको रूपमा फिर्ता गरिएको छ । बाँकी जग्गालाई उपयोग गरी पालिकाको वरिपरी आठ मिटर फराकिलो सडकको चक्रपथ बनाइएको छ ।रासस

# बन्द हुने अवस्थामा पुगेको बालमन्दिर माविको फड्को

**म्याग्दी ।**
म्याग्दीको बेनी नगरपालिका–८
कालीपुलस्थित बालमन्दिर माध्यमिक विद्यालयले पछिल्लो १० वर्षको अवधिमा भौतिक र शैक्षिक हिसाबले फड्को मारेको छ । दशकअघि विद्यार्थी नपाएर बन्द हुने अवस्थामा पुगेको यो सामुदायिक विद्यालयमा हाल निजी विद्यालय छोडेर पढ्न आउन थालेका छन् ।
अङ्ग्रेजी माध्यमबाट पठनपाठन, अभिभावक र समुदायको सुझावअनुसार तयार पारेको कार्ययोजना कार्यान्वयन, विद्यार्थीमैत्री शिक्षण विधिको प्रयोग, तह वृद्धि, विपन्न विद्यार्थीलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री सहयोग, व्यवस्थित पूर्वाधार र स्रोत साधनको उच्चतम परिचालन गरेपछि विद्यार्थीको आकर्षण बढेको प्रअ सुरेन्द्रप्रसाद केसीले बताए ।
विसं २०७१ मा कक्षा पाँच उत्तीर्ण भएका १२ जना विद्यार्थी बाहिरिने र नयाँ नथपिने भएपछि विद्यालय बन्द गर्ने बहस चलेको थियो’, उनले भने, ‘शैक्षिक, भौतिक र आर्थिक कार्ययोजना बनाएर कार्यान्वयन गरेपछि त्यसयताका वर्ष विद्यार्थी सङ्ख्या निरन्तर बढेको छ ।’
विसं २०७२ को शैक्षिक सत्रमा सेवा क्षेत्रमा बस्तीमा व्यवस्थापन समिति र शिक्षकहरूले घरदैलो गरेर ९३ जना विद्यालय भर्ना गराए । विसं २०७३ मा विद्यार्थी सङ्ख्या १३२ पुग्यो । विसं २०७५ मा कक्षा ६, २०७८ मा कक्षा ८ र २०८० मा कक्षा ९ को पठनपाठन सुरु गरेको यस विद्यालयका १० जना विद्यार्थीले २०८१ मा पहिलोपटक माध्यमिक शिक्षा परिक्षा (एसइई)मा सहभागिता जनाएका छन् ।
विसं २०२८ मा हाल म्याग्दी बालगृह रहेको ठाउँमा स्थापना भएको विद्यालय विसं २०५८ मा कालीपुलमा स्थानान्तरण गरिएको थियो । नेपाल बाल सङ्गठनले सञ्चालन गरेको बालगृहमा रहेका अनाथ बालबालिकालाई पठनपाठनको ब्यवस्था मिलाउन त्यसबेला यो विद्यालय स्थापना भएको थियो ।
हाल कक्षा १० मा २२ जनासहित २७२ जना विद्यार्थी रहेको यस विद्यालयमा भर्ना अभियान सकिँदासम्म विद्यार्थी सङ्ख्या करिब ३५० जना पुग्ने प्रअ खत्रीको अनुमान छ । औसत सिकाइ उपलब्धि तीन दशमलव नौ जिपिए छ । यसपाली बेनीको न्यु वेष्ट पोइन्ट आवासीय माविका एक, पोखराको विन्दबासिनी माविबाट दुई जनासहित छ जना अन्य विद्यालयका विद्यार्थी बालमन्दिरमा भर्ना हुन आएका छन् । बाल कक्षापछि एक वर्ष केजी (पूर्वप्राथमिक तह)मा पढाउने र कक्षा १ मा भर्ना गर्ने अभ्यास थालेको यस विद्यालयले अङ्ग्रेजी माध्यमबाट पठनपाठन सञ्चालन, विभाग बनाएर शिक्षकहरूलाई जिम्मेवारी बाँडफाँट, अतिरिक्त क्रियाकलाप, खेलकुद गतिविधि सञ्चालन, कक्षाकोठाबाट बाहिर निस्किँदा आउटपासको व्यवस्था, कम्प्युटर, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था गरेको छ । कक्षाकोठामा शैक्षिक सामग्रीको प्रदर्शनी र प्रयोग गरेर विद्यार्थीको सहभागितामा पठनपाठन गर्ने विधि अपनाएको छ । प्राथनाको समयमा विद्यार्थीले सामान्य ज्ञान, समाचार वाचन र कला प्रस्तुत गर्छन् । हरेक तीन÷तीन महिनामा सामूहिक र व्यक्तिगतका साथै शिक्षकले अभिभावकलाई फोन गरेर विद्यार्थीको आनीबानीका बारेमा छलफल गर्छन् ।
विभिन्न सङ्घ संस्था र दातासँग समन्वय गरेर विपन्न विद्यार्थीलाई छात्रावृत्ति, पोसाक, शैक्षिक सामग्रीको व्यवस्थापन गरिएको प्रअ खत्रीले बताए । विद्यालयबाट अतिरिक्त क्रियाकलापका प्रतियोगितामा सहभागी हुने विद्यार्थी र शिक्षकलाई हौसला प्रदान गर्न सम्मानका साथै विद्यार्थीको जन्मदिन मनाउने गरेको छ । विद्यालय परिसरको जग्गामा निर्माण भएको भवन तथा टहराबाट मासिक दुई लाख ३२ रुपैयाँ हजारका दरले हुने आम्दानीबाट निजी स्रोतका चार जना शिक्षक र एक जना सुरक्षा गार्डको तलब व्यवस्थापन गरेको विद्यालयले अभिभावकबाट कुनै पनि शीर्षकमा शुल्क लिने नगरेको व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्रराज शर्माले बताए ।
पछिल्लो दश वर्षमा दुई करोड ५० लाख रुपैयाँ भन्दा बढीको लागतमा चार वटा भवन, कम्प्युटर, विज्ञान प्रयोगशाला, शौचालय, सभाहल, सटरकोठा भवन, खानेपानी, भुइँमा पेभर ब्लक बिछ्याइएको छ ।
छात्रावासका लागि पाँच कोठे भवन निर्माणाधीन छ । यस वर्षदेखि विद्यालयमै खाजा पसल सञ्चालन भएको छ । विद्यालय परिसरको खाल्डो र खेलमैदानमा जमेको पानीमा ढुङ्गा राखेर कक्षाकोठामा छिर्नुपर्ने अवस्थाको विद्यालय अहिले पूर्वाधारका हिसाबले व्यवस्थित र सुविधासम्पन्न बनेको छ ।
नब्बे प्रतिशत विद्यार्थी दलित समुदायका रहेका सहायक प्रअ गीता सुवेदीले बताए । विपन्न विद्यार्थीको पठनपाठनमा सघाउन पाँच लाख रुपैयाँ को अक्षयकोष स्थापना गर्ने लक्ष्यसहित अभियान सञ्चालन गरेको छ । पूर्वविद्यार्थी, दाता र सामाजिक सङ्घ संस्था खोजेर विद्यार्थीलाई शैक्षिक सामग्री, पोसाकको व्यवस्था मिलाइएको छ ।
खेलमैदानको अभाव र छात्रावास सञ्चालनका लागि पर्याप्त भवन नहुनु, शैक्षिक सत्रको अन्तिमसम्म पनि भर्ना हुन आउने र केही विद्यार्थीले बीचमा विद्यालय परिवर्तन गर्ने समस्या रहेको छ । रोजगारीको शिलशिलामा बेनीमा आएका अभिभावकहरू कामको खोजीमा अन्यत्र जाँदा बालबालिकाले शैक्षिक सत्रको बीचमा विद्यालय परिवर्तन गर्ने समस्या देखिएको हो ।
बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बालमन्दिर माविमा तह थप गर्न विद्यार्थी सङ्ख्या कम भएका अन्य विद्यालयबाट आधारभूत तहको दरबन्दी भए पनि माध्यमिक तहसम्म पठनपाठन गर्नसक्ने विषयगत शिक्षकको व्यवस्था मिलाएको बताए । बेनीमा रहेको बेनी सामुदायिक र प्रकाश माविमा बढ्दो विद्यार्थीको चाप व्यवस्थापन गर्न बालमन्दिर माविलाई तहवृद्धि गरी शैक्षिक र भौतिक क्रियाकलापमा
नगरपालिकाले सहयोग गर्दै आएको नगर प्रमुख केसीले बताए । सामुदायिक विद्यालयका लागि बालमन्दिर माविको सुधार र परिवर्तन उदाहरणीय बनेको उनको भनाइ छ ।रासस

# पर्यटनको सम्भावना रहेको ‘चमेरे गुफा’ ओझेलमा

**इलाम ।**
पर्यटनको सम्भावना रहेको यहाँको माङसेबुङ गाउँपालिका–२ इभाङस्थित चमेरे गुफा ओझेलमा परेको छ । देउमाई खोलाको किनारसँगै पहाडको फेदीमा रहेको चमेरे गुफाको उचित प्रचारप्रसार हुन सकेको छैन ।
पर्यटकीय द्दष्टिले महत्त्वपूर्ण मानिएको चमेरे गुफामा पूर्वाधार निर्माण, संरक्षण र प्रवद्र्धन गर्न नसकिएको स्थानीय पृथीमान जवेगूले बताए ।
स्थानीयले २० वर्षअघि पत्ता लगाएको गुफाको संरक्षण र प्रवद्र्धनका लागि सरकारी निकायको ध्यान नगएको उनको भनाइ छ । योे गुफा जिल्लाकै प्रमुख धार्मिकस्थल गजुरमुखी धामदेखि एक किलोमिटर दुरीमा मात्र अवस्थित छ ।प्राकृतिक रुपमा सुन्दर र आकर्षक छ, चमेरे गुफा ।
‘चमेरे गुफालाई पर्यटकीय गन्तव्य बनाउन यसको संरक्षण र प्रवद्र्धनसँगै प्रचारप्रसार गर्न आवश्यक छ’, जवेगुले भने, ‘त्यसो गर्न सकिएमा पर्यटकको उपस्थिति हुने सम्भावना छ ।’



देवताका पालामा गजुरमुखी देवीलाई भेट्न आउँदा महादेवले सो गुफामा बास बसेको किवदन्ती प्रचलित छ ।
पछिल्लो समय गुफामा हुलका हुल चमेरा भेटिने भएकाले सो गुफाको नाम चमेरे गुफा राखिएको स्थानीय हिमाकुमारी अधिकारीले बताए ।
गुफा फराकिलो छ । गुफाको प्रवेशद्वारदेखि भित्री भागसम्म चट्टानी संरचना देख्न सकिन्छ । खोलाको किनारमा चट्टानले बनेको संरचनाले यो गुफा भूगर्भीय अध्ययनको द्दष्टिले रोचक छ । गुफा करिब ४० देखि ५० जना मानिस अट्न सक्ने आकारमा छ ।
तत्कालीन लिम्बूवानका राजाहरुले आफ्ना सेनालाई सेल्टरको रुपमा यस गुफामा राख्ने गरेको बताइन्छ ।
माङसेबुङ गाउँपालिका अध्यक्ष हेमन्त राईले यस वर्षदेखि पालिकाभित्रका सबै ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको संरक्षण र संवद्र्धनका लागि योजनाबद्ध काम गरिने बताए । ‘यसवर्षदेखि हामी नीति तथा कार्यक्रममा समेटर ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको संरक्षण र संवद्र्धनको योजनाबद्ध रुपमा काम गर्नेछौँ’, अध्यक्ष राईले भने ।
माङसेबुङ–२ का वडाध्यक्ष कृष्णबहादुर बस्नेतले चमेरे गुफाको प्रवद्र्धन गर्न आगामी दिनमा वडाको विशेष ध्यान जाने बताए ।रासस

# बैतडीमा एक सय ३३ जनाको आँखाको निःशुल्क शल्यक्रिया

**बैतडी ।**
जिल्लाको पञ्चेश्वर गाउँपालिकामा सञ्चालन भएको निःशुल्क आँखा शल्यक्रिया शिविरमा एक सय ३३ जनाको आँखाको शल्यक्रिया गरिएको छ ।
बिहीबार र शुक्रबार कुलाउ स्वास्थ्य चौकीमा सञ्चालन भएको आँखा शिविरमा मोतीबिन्दु र आँखामा मासु पलाएका एक सय ३३ जनाको शल्यक्रिया गरिएको गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत नारायणराम सार्कीले जानकारी दिए । यसअघि जेठ ६ गते गाउँपालिका– ५ को गणमेश्वर आधारभूत विद्यालयमा सञ्चालन गरिएको छनोट शिविरमा ३१ जनामा मोतिबिन्दुको समस्या देखिएकोमा उनीहरूको कुलाउमै शल्यक्रिया गरिएको उनले बताए । शिविरमा छ सय ६२ जनाको आँखाको जाँच गरेर औषधि तथा दुई सय ६५ जनालाई निःशुल्क चश्मा वितरण गरिएको सार्कीले जानकारी दिए ।
नागरिकलाई आफ्नै ठाउँमा सेवा दिने उद्देश्यले विभिन्न निकायसँगको साझेदारीमा शिविर सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष गोरखबहादुर चन्दले बताए । स्थानीयस्तरमै शिविर सञ्चालन हुँदा अधिकांश ज्येष्ठ नागरिकले सेवा लिएका गाउँपालिका उपाध्यक्ष विना भट्टले बताए ।
गाउँमै गुमेको आँखाको ज्योति फर्किएपछि स्थानीय खुसी भएका छन् । ‘आँखाको ज्योति गुमेपछि घरमै थन्किएकी थिए । शिविरमार्फत गाउँघरमै गुमेको ज्योति फर्किएपछि निकै खुसी लागेको छ’, स्थानीय जयमति चन्दले भने ।
पञ्चेश्वर गाउँपालिकाको आयोजना, च्यारिटी हेल्थ फाउण्डेसन नेपालको आर्थिक सहयोग, धनगढी नेत्रालय र श्रीकृष्ण आँखा अस्पताल प्रालि टीकापुरको प्राविधिक सहयोगमा शिविर सञ्चालन गरिएको थियो ।रासस

# घुमौँ मधेश, बुझौँ मधेश कार्यक्रम



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यका साथ 'घुमौँ मधेश बुझौँ मधेश' कार्यक्रम वीरगंजमा भएको छ । प्रदेशमा पर्यटन विकास र लगानी प्रवद्र्धनका विविध पक्षमाथि गहन छलफल भएको कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री इञ्जिनियर बसन्त कुशवाहाले यस वर्षको बजेटमा १ लाख रोजगारी सिर्जना गर्ने महत्त्वाकाङ्क्षी लक्ष्य रहेको बताए ।

उनले मधेश प्रदेशमा लगानीका लागि कृषि, उद्योग र पर्यटनलाई मुख्य क्षेत्रका रूपमा अघि सारे । मन्त्री कुशवाहाले कृषकलाई पनि विस्तारै पर्यटनतर्फ आकर्षित गर्ने योजना रहेको सुनाए । मधेश प्रदेशमा पर्यटक आकर्षित गर्नका लागि पर्याप्त र विशिष्ट स्थान अभाव रहेको स्वीकार गर्दै नयाँ तरिकाले खेलकुदका गतिविधिहरू सञ्चालन गर्न र यहाँका ठाउँहरूलाई चिनाउने काममा जोड दिनुपर्ने आवश्यकता औँल्याए । 'घुमौ मधेश बुझौ मधेश' मधेश प्रदेश संयोजक विकास ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम, मधेश विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. दीपक शाक्य, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक गौतम मिश्र, सशस्त्र प्रहरी बलका उपरीक्षक राधेश्याम घिमाल, होटल संघ नेपाल मधेश प्रदेशका अध्यक्ष सुरेन्द्र श्रेष्ठलगायतको उपस्थिति थियो ।

कार्यक्रममा होटल संघका केन्द्रीय सचिव एवम् होटल तथा पर्यटन व्यवसायी संघ वीरगंजका अध्यक्ष हरि पन्तले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

# सहकारीका विषयमा अन्तरक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**
'मर्यादित सहकारी समुन्नत समाज' भन्ने मूल नाराका साथ शनिबार वीरगंज बचत तथा ऋण सहकारी संस्था (बिस्को) को सभा हलमा सहकारीहरूको समसामयिक विषय, समस्या तथा समाधानसम्बन्धी कार्यक्रम भएको छ ।

जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साको आयोजनामा भएको कार्यक्रममा सहकारी क्षेत्रमा देखिएका चुनौती र समाधानका उपायबारे विभिन्न सहकारी संस्थाका सञ्चालक अध्यक्ष तथा प्रबन्धकसँग छलफल भएको थियो । संघका अध्यक्ष हरेराम प्रसादले वर्तमान आर्थिक र बैंकिङ क्षेत्र तथा सहकारीमा देखिएका समस्या पहिचान गर्ने उद्देश्यले यस्ता कार्यक्रमको आवश्यकतामा जोड दिए । छलफलमा सहकारीका समसामयिक समस्या र तिनको समाधान कसरी गर्न सकिन्छ भन्नेबारे गहन कुराकानी भएको उनले बताए । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन) का अध्यक्ष चन्द्र प्रसाद ढकालले दीप प्रज्वलन गरी कार्यक्रम उद्घाटन गरेका थिए ।

अध्यक्ष ढकालले सहकारी संस्थाका समस्या समाधानका लागि सबै सहकारी एक ठाउँमा उभिनुपर्ने आवश्यकता औँल्याए । उनले सहकारी संस्थालाई सुरक्षित राख्ने र बचतकर्ताहरूको बचत सुरक्षित राख्ने जिम्मेवारी आफूहरूको रहेको बताए ।

जिल्ला बचत तथा ऋण सहकारी संघ पर्साका अध्यक्ष हरेराम प्रसादको अध्यक्षतामा सम्पन्न छलफलमा जिल्ला बचत संघ पर्साका वरिष्ठ उपाध्यक्ष जिष्णु बरालले शुभकामना मन्तव्य राखेका थिए । विशिष्ट अतिथिको रूपमा जिल्ला बचत संघ पर्साका पूर्व अध्यक्ष राजेश पण्डित, बिस्कोका अध्यक्ष डिल्ली बिक्रम कार्की लगायतले आआफ्नो सुझाव एवम् धारणा राखेका थिए । कार्यक्रम सञ्चालन जिल्ला बचत संघ पर्साका सचिव नरेश चौरसियाले गरेका थिए ।

# दूरदृष्टि दोषबारे जनचेतनामूलक ¥याली

**मधेशदृष्टि**
**वीरगंज ।**
आँखासम्बन्धी रोग मायोपिया (दूरदृष्टि दोष) बारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले वीरगंजमा जनचेतनामूलक ¥याली निकालिएको छ । दृष्टि आँखा अस्पतालको सहयोगमा वीरगंज महानगरपालिका र विभिन्न संघसंस्थाको संयुक्त आयोजनामा निकालिएको ¥यालीले नगर परिक्रमा गरेको थियो ।

वीरगंजको घण्टाघरबाट बिहानै शुरु भएको ¥याली मुख्य सडकको माईस्थान, लोहारपट्टी चोक, आदर्शनगर, घडिअर्वा हुँदै पुनः घण्टाघरमा आएर सम्पन्न भएको थियो । ¥यालीमा सहभागीले मायोपियाका लक्षण, यसबाट बच्ने उपायहरू र समयमै उपचार गराउनु पर्ने आवश्यकताबारे प्लेकार्ड बोकेका थिए । मायोपिया नेपालमा बढ्दो क्रममा रहेको एक सामान्य आँखाको समस्या हो । विशेषगरी बालबालिका तथा युवामा यसको जोखिम बढी हुन्छ । ¥यालीको मुख्य उद्देश्य समुदायमा मायोपियासम्बन्धी सही जानकारी पुर्याउनु र यसको रोकथाम तथा उपचारका लागि सचेतना जगाउनु रहेको दृष्टि आँखा अस्पतालका दृष्टि विशेषज्ञ बसन्त पौडेलले जानकारी दिए । कार्यक्रममा नियमित आँखा परीक्षण गराउनु र डिजिटल उपकरणहरूको अत्यधिक प्रयोगबाट बच्नु मायोपियाको रोकथाममा महत्वपूर्ण रहेको बताइएको थियो ।

# आदर्शनगरमा वृहत् रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको आदर्शनगरस्थित रानीसती अतिथि सदनमा उपकार सेवा नेपाल, राउन्ड टेबल नेपाल र बलिरामपुर युवा क्लबको संयुक्त आयोजनामा आयोजित वृहत रक्तदान कार्यक्रम सफलतापूर्वक भएको छ । कार्यक्रमले सामाजिक उत्तरदायित्व र मानव सेवाको सन्देश फैलाएको आयोजकले बताएका छन् । पूर्व मेयर विजय कुमार सरावगी कार्यक्रमका प्रमुख अतिथि थिए भने उपकार सेवा नेपालकी अध्यक्ष विद्या देवी सरावगीले कार्यक्रमको अध्यक्षता गरेकी थिइन् ।

रक्तदान कार्यक्रममा दुई महिलासहित २९ जनाले स्वेच्छिक रक्तदान गरेका छन् । रक्तदान गर्नेहरूमा कामना पौडेल, मुस्कान महेश्वरी, अविनाश गुप्ता, आयुष गुप्ता, सिद्धार्थ अग्रवाल, रवीन्द्र महतो, राजेश यादव, हरिओम कुमार चौहानलगायत थिए । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी वीरगंज शाखाका सभापति बृज किशोर पटेल, रेशमकोठी उपशाखाका युवा संयोजक अभिलाष गुप्ता, सामाजिक अभियन्ता प्रकाश थारु, बलिरामपुर युवा क्लबका शिवम गुप्ता, युवा नेता ओम प्रकाश सरार्फ, राउण्ड टेबल नेपालका अध्यक्ष आयुष अग्रवाल, वीर शमसेर कुर्मी र समाजसेवी राजेन्द्र भट्टराईको विशेष उपस्थिति थियो । वीरगंज रक्तसञ्चार केन्द्रका प्रमुख सौरभराज पाण्डे, मनिष गुप्ता, विवेक यादवलगायतको प्राविधिक टोलीले कार्यक्रम सफल बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए ।

# व्यक्तिका नामबाट जग्गा हटाउन सिआइबी गुहार

**मधेशदृष्टि**
**रौतहट ।**
पर्यटकीय क्षेत्रको रूपमा चिनिएको चन्द्रपुर नगरपालिका–८ स्थित मरधर सिमसार क्षेत्रको जमिन व्यक्तिका नाममा दर्ता भएकाबारे अनुसन्धानका लागि नगरपालिकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) गुहारेको छ । सिमसारको सरकारी जमिन मिलोमतोमा व्यक्तिले पास गराएको भन्दै पछिल्लो समय चर्चामा रहेकाले नगरपालिकाले छानबिन गरी दोषीमाथि कारबाही गरी फिर्ता ल्याउन दुवै निकायमा निवेदन दिएको हो । वडा कार्यालयले पनि व्यक्तिको नाममा गएको सिमसारको जमिनको मालपोत कर लिन रोकेको छ । जमिनको मालपोत कार्यालय चन्द्रनिगाहपुरबाट लिखत बदर गर्न नमिलेपछि नगरपालिकाले उच्च अदालत वीरगंजमा मुद्दासमेत दिएको छ । मरधर सिमसार क्षेत्रको एकसय बिघा जग्गामध्ये ताल भएको ठाउँकै १० बिघा जग्गा व्यक्तिका नाममा पास भएको हो । सरोकारवाला निकाय समेतको मिलेमतो हुन सक्ने र सिमसारको जमिन जसरी पनि फिर्ता गराउने भन्नेमा पालिकाका लागि परेको नगरप्रमुख सन्जय काफ्लेले बताए ।

# दुर्घटनाका युवकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
बागमती नगरपालिका–१, पानीट्याङ्की चोक नजिकै पूर्व–पश्चिम राजमार्गमा शनिबार बिहान भएको सवारी दुर्घटनामा एक युवकको ज्यान गएको छ भने अर्का एकजना गम्भीर घाइते भएका छन् । दुर्घटना बिहान करिब ८ बजेतिर पूर्वतर्फ जाँदै गरेको बालुवा लोड टिपरले पश्चिमतर्फ आउँदै गरेको मोटरसाइकललाई ठक्कर दिँदा भएको हो । मोटरसाइकलमा सवार दुई जना गम्भीर घाइते भएका थिए ।

दुर्घटनापछि घाइतेलाई तत्काल हरिवनस्थित नमूना अस्पतालमा लगिएको थियो । प्रारम्भिक उपचारपछि दुवैलाई थप उपचारका लागि बारास्थित एलएस न्युरो अस्पताल पठाइएको थियो । अस्पतालमा उपचारका क्रममा सर्लाही बागमती नगरपालिका–६ निवासी २१ वर्षीय मोहमद कैफ मिकरानीलाई दिउँसो १२ बजे चिकित्सकले मृत घोषणा गरेका छन् ।

अर्का घाइते सुमित यादवको अवस्था गम्भीर रहेको र उनको उपचार जारी रहेको इलाका प्रहरी कार्यालय कर्मैयाले जनाएको छ । दुर्घटनामा संलग्न टिपर घटनास्थलमै फेला परेको छ । चालक बागमती नगरपालिका–१२ निवासी ३४ वर्षीय उद्धव मोक्तानलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# दुर्घटनामा एउटै वडाका दुई जनाको मृत्यु

**मधेशदृष्टि**
**राजविराज ।**
हुलाकी राजमार्गअन्तर्गत सप्तरीको राजगढ गाउँपालिका–५ मलेकपुर खण्डमा शनिबार भएको सवारी दुर्घटनामा दुई जनाको ज्यान गएको छ । दुर्घटनामा एक जना गम्भीर घाइते भएका छन् ।

दिउँसो ३ बजेतिर पत्थरगाढाबाट इँटा बोकेर राजविराज आउँदै गरेको स१त ५४४२ नम्बरको ट्र्याक्टर र राजविराजबाट आइरहेको मधेश प्रदेश ०२–०१९प९६२६ नम्बरको मोटरसाइकल एक आपसमा ठोकिँदा दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनामा मृत्यु भएका दुवै जना मोटरसाइकलमा सवार थिए । तीनजना बोकेर जाँदै गरेको मोटरसाइकल अनियन्त्रित भई अचानक ट्र्याक्टरमा ठोकिन गई दुर्घटना भएको प्रहरीको अनुमान छ ।




घटनापछि फरार ट्र्याक्टर चालकको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते भएका सप्तरीको विष्णुपुर गाउँपालिका–१ का २० वर्षीय सन्तोष यादवको उपचारका लागि ल्याउँदै गर्दा बाटोमै र अर्का गम्भीर घाइते सोही वडा निवासी २२ वर्षीय सागर मण्डलको अस्पताल पु¥याउँदा मृत्यु भएको उनको भनाइ छ ।

अर्का गम्भीर घाइते सोही वडाका १८ वर्षीय धनन्जय यादवको स्थानिय छिन्नमस्ता अस्पतालमा उपचार सम्भव नभएपछि विराटनगरस्थित नोबेल अस्पताल पठाइएको प्रहरीले जनाएको छ । शनिबारै बिहान राजविराज–छिन्नमस्ता सडकखण्डमा भएको अर्को मोटरसाइकल दुर्घटनामा राजविराज ७ का १६ वर्षीय मनोज यादव गम्भीर घाइते भएका छन् । स१प ६०४८ नम्बरको मोटरसाइकल चढेर जाँदै गर्दा बिहान ५ बजेतिर राजविराज–६ लिल्जा टोलमा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

घाइते यादवको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा प्रारम्भिक उपचारपछि विराटनगरस्थित नोबेल अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


**Invitation for Bids**
**Jaleshwar Municipality**
**Office of the Municipal Executive**
**Jaleshwar, Mahottari**
**Madhesh Province, Nepal**

**Invitation For Bids For The वडा न १ देखि १२ सम्म खानेपानी हैन्ड पाइप सामग्री वितरण कार्य**

Date of publication: Sunday11th Jestha, 2082 i.e 25th May 2025

**INVITATIONFOR BIDS NO: 04/NCB/1S1E/GOODS/JM/2081/082**

1 [1]Jaleshwar Municipalityhas received a grant from Central Govermenttowards the cost of **वडा न १ देखि १२ सम्म खानेपानी हैन्ड पाइप सामग्री वितरण कार्य** and intends to apply part of the funds to cover eligible payments under the Contract for 04/NCB/1S1E/GOODS/JM/2081/082. Bidding is open to all eligible Bidders.

2 The Jaleshwar Municipality Officeinvites Electronic bids from eligible bidders for the procurement of **वडा न १ देखि १२ सम्म खानेपानी हैन्ड पाइप सामग्री वितरण कार्य** under National competitive bidding – Single Stage Single Envelopeprocedures.

| S.N | IFB NUMBER | Name of procurment | Cost of Bid document amount in NPR (Non-Refundable) | Minimum Bid Security Amount in NPR | Minimum Bid Security Validity Period |
|---|---|---|---|---|---|
| 1 | 04/NCB/1S1E/GOODS/JM/2081/082 | **वडा न १ देखि१२सम्म खानेपानी हैन्ड पाइप सामग्री वितरण कार्य** | 3000/- | 260000/- | Minimum 120 days i. eupto Friday,7th kartik 2082 (24th october 2025) |

3 Underthe Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) The Technical Bid and the other (ii) The Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.

4 Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari Tel:044-520087/ Fax:044-520143, or may visit PPMO egp system www.bolpatra.gov.np/egp.

5 Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank: Rastriya Banijya Bank, Jaleshwar**

**Name of Office : Jaleshwar Municipality, Jaleshwar, Mahottari**

**Office Code no. : 801021802**

**Office Account no.: 1270100301010003 (Revenue Account Number)**

**Rajaswa (revenue) Shirshak no. :……………………………….**

6 Electronic bids must be submitted to the office JaleshwarMunicipality,Office of the Municipal Executive, Jaleshwar, Mahottari through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00Hrs on Tuesday, 10th Asadh 2082, i.e 24th June 2025. Bids received after this deadline will be rejected.

7 The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hrs on Tuesday, 10th Asadh 2082, i.e 24th June 2025 at the office of Jaleshwar Municipality, Office of the Municipal Executive, Jaleshwar, Mahottari Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.260000/-, which shall be valid for 30 days beyond the validity period of the bid .

8 If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

[1]This provision is only for donor funded so should be deleted in case of project funded by Government's resources.

सम्पादकीय

# मधेशी शहीद तथा बेपत्ता परिवारको आक्रोश

*मधेश प्रदेशका २ सय ६० जति शहीद तथा बेपत्ता परिवारले मधेश सरकारसँग आक्रोश पोखेका छन् । उनीहरुले वैशाखमा मधेश सरकारका मुख्यमन्त्री सतिश कुमार सिंहको कार्यालयमा लगातार प्रदर्शन गरे । यस्तै गृह, सञ्चार तथा कानून मन्त्रालयमा पनि आफ्ना कुरा राखे । मन्त्री राजकुमार लेखी र मुख्यमन्त्री सिंहसँग आफ्ना कुरा राखेर नथाकेका उनीहरुलाई दुवैले माग पूरा गर्ने आश्वासन पनि दिए । तर त्यसमा थप केही सुनुवाइ भएन । उनीहरु फेरि आक्रोशित भएका छन् र आन्दोलनको तयारीमा छन् । मधेश सरकार बजेट बनाउने तयारीमा रहँदा उनीहरु भने जेठ १२ गतेदेखि मुख्यमन्त्रीको कार्यालयमा धर्नाको तयारीमा जुटेका छन् ।*

*शहीद प्रतिष्ठानमा रिक्त सदस्य पदमा नियुक्तिसमेत प्रदेश सरकारको रुचीको विषय बनेको छैन । जनमत अरु भन्दा फरक रगतको पार्टी भनेर मधेशमा भरोसा गरिए पनि नेकपा एमालेको पोल्टामा हुर्किएर सरकार चलाइरहेको भन्दै पीडितहरुले भनेका छन्, 'हाम्रो रोजिरोटी खोसियो, अपमान गरियो, भेटसमेत दिइएन । बजेट फ्रिज हुन लाग्यो, उनीहरु अनुकुल नपाइएकाले सदस्य नियुक्तिमा समेत चसो दिइएन । यो भन्दा अघिल्लो सरकार क्रान्तिकारी थियो । प्रतिष्ठान स्थापना गरेर न्याय दिन खोजेको थियो, रोजगारी दिइएको थियो । परिवारलाई रोजिरोटीका लागि केही रकम दिएको थियो ।' यो सरकार त्यसको उल्टो देखियो । अघिल्लो सरकारले २६ जनालाई जागिर दिएकामा अहिले हटाइएको छ । जम्मा ९ जना जागिरे छन्, त्यसमा ६ जना डोर हाजिरीमा छन् । उनीहरुको स्थायी रोजगारीका लागि अघिल्लो सरकार भन्दा क्रान्तिकारी र प्रगतिशील देखिनु पर्ने अहिलेको सरकार उनीहरुसँग भेटका लागि इच्छुक छैन, कुरा सुन्न तयार छैन, कार्यालयमा गेट बन्द गरिएको छ । मधेशलाई यो अवस्थामा पुर्याउन र अधिकारका लागि सन्तानहरुले दिएको आहूतिमा अहिले सत्तामा पुगेकाहरुले उनीहरुकै परिवारमाथि गरेको अपमानले उनीहरु निकै क्रुद्ध छन् र अधिकारको लडाईंमा उभिने तयारीमा छन् । जुन मधेश प्रदेश सरकारका लागि एककिसिमको राजनीतिक मोसो नै हो ।*

# राजसंस्था पक्षधर कार्यक्रममा प्रतिबन्ध लगाउन मिल्दैन



गनी अन्सारी

सरकारका प्रवक्ताले राजसंस्था पक्षधर शक्तिका कार्यक्रममा प्रतिबन्ध लगाउन सकिने बताए पनि त्यसो गर्न नमिल्ने कानूनीवद् तथा राजनीतिक विश्लेषकहरूले बताएका छन् । संविधानको परिधिभित्र रहेर प्रत्येक नेपाली नागरिक तथा सङ्घसङ्गठनले सभा, जुलुस गर्ने र भेला हुन पाउने अधिकार सुनिश्चित रहेको उनीहरूको तर्क छ । सरकारले जेठ १५ गते हर्षोल्लासका साथ गणतन्त्र दिवस मनाउने तयारी गरिरहँदा सोही दिनबाट राजसंस्था पक्षधरहरूले आन्दोलनका कार्यक्रम तय गरेका छन् । उनीहरूको सोही कार्यक्रमबारे सोधिएको प्रश्नको जवाफ दिने क्रममा बिहीवार सञ्चार तथा सूचना प्रविधिमन्त्री समेत रहेका पृथ्वीसुब्बा गुरुङले प्रतिबन्ध लगाउने अधिकार सरकारसँग रहेको बताएका थिए । मन्त्रिपरिषद्को बैठकका निर्णय सार्वजनिक गर्ने क्रममा पत्रकारहरूको जिज्ञासामा गुरुङले संविधानविरोधी गतिविधि गर्ने छुट कसैलाई नभएको चेतावनी दिए ।

संवैधानिक सीमाभित्र रहेर वर्तमान व्यवस्थाबारे टीकाटिप्पणी, आलोचना गर्न र प्रश्न गर्न सकिने उनले उल्लेख गरे । 'तर राजतन्त्रको पक्षमा लाग्ने कुरा, मुलुक विखण्डनमा लाग्ने कुरा संविधानविरोधी हो, लोकतन्त्रविरोधी हो, जनताविरोधी हो भन्ने कुरा भएपछि त्यो सीमाभित्र रहेर काम गर्ने हो,' गुरुङले भने । उनले हाल लुटपाट, आगजनीलगायतका माध्यमबाट सरकारलाई चुनौती दिँदै राजा ल्याउने प्रयन्न भइरहेको टिप्पणीसमेत गरे । 'हामीले संविधानको विरोध गर्नेहरूलाई पनि, स्थापित लोकतान्त्रिक मूल्यमान्यताको विरोध गर्नेहरूलाई र यो शासन प्रणालीलाई उल्टाउन चाहनेहरूलाई पनि एकदम उदारतापूर्वक सभासङ्गठन गर्ने, बोल्ने अधिकार छोडदिएकै छौँ,' गुरुङले भने । 'तर यो हाम्रो कमजोरी होइन, हामीले डराएर गरेका होइनौँ । त्यसरी दिंदा उनीहरूले हामीलाई कमजोर नठानून् । त्यो त हामीले अभ्यास गरून् न भन्ने उदारतापूर्वक छोडदिएका हौँ ।' यद्यपि त्यस्ता गतिविधिलाई सरकार सधैँ सहेर बस्न नसक्ने चेतावनी उनले दिए ।

'तर यस्ता संविधानविरोधी, व्यवस्थाविरोधी, जनताविरोधी क्रियाकलाप गरिराखे भने सरकार सधैँ सहेर बस्छ भन्ने हामी भन्न सक्दैनौँ । सरकार सधैँ टुलुटुलु हेरेर बस्दैन । सरकारका तर्फबाट त्यसको यथोचित प्रतिवाद हुन्छ,' गुरुङले अगाडि थपे । 'उनीहरूले गर्ने गतिविधिमा आजको दिनसम्म प्रतिबन्ध लगाएका छैनौँ । प्रतिबन्ध लगाउन सक्ने छुट, संवैधानिक, कानूनी अधिकार सरकारसँग छ ।' विसं २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले नेपालमा गणतन्त्र घोषणा गरेको थियो । कुल ६ सय १ जना सदस्य रहेका संविधानसभाका ५ सय ९६ जनाले त्यसको पक्षमा मतदान गरेका थिए भने चार जना विपक्षमा उभिएका थिए । बैठकको अध्यक्षता गरेका सदस्यले चाहिँ मतदान गरेनन् । यो तथ्यलाई बिर्सन नहुने सरकारका प्रवक्ता एवं नेकपा एमालेका नेता गुरुङको तर्क छ ।

जानकार के भन्छन् ?

फरक वैचारिक आस्थाकै आधारमा सरकारले कसैलाई सभा, जुलुस, भेला गर्नबाट रोक्न नमिल्ने जानकारहरूले बताएका छन् । 'राज्यले नियमन गर्न सक्छ । तर सभा, जुलुस गर्ने भनेको वाक् तथा प्रकाशन स्वतन्त्रताका साथसाथै सङ्गठन गर्ने नेपाली नागरिक तथा सङ्गठनहरूको जुन अधिकार छ, त्यसलाई रोक्न सक्ने राज्यको अधिकार छैन,' काठमाण्डू विश्वविद्यालयस्थित कानून विषयका प्राध्यापक विपिन अधिकारीले भने । सरकारले दिएका कुरा उसले खोस्न सक्ने भए पनि संविधानले दिएका कुरा खोस्न नसक्ने उनको तर्क छ ।

'नियमन पनि त्यति मात्र गर्न सक्छ जति नियमनले ती अधिकारको तन्तु चाहिँ विनाश नहोओस् । त्यो तन्तुको विनाश गर्ने गरी नियमन गर्ने अधिकार सरकारलाई पनि छैन,' उनले अगाडि थपे । पछिल्लो समय सरकार असहिष्णु हुँदै गएको आफूले पाएको प्राध्यापक अधिकारीको आरोप छ ।

'सरकारको भाका अनुदारवादी सरकारको जस्तो देखिँदै छ । खास गरी प्रतिपक्षलाई खप्ने संस्कृतिको विकास गर्नका लागि सरकारले नियम, कानुन, विधिको शासन र भ्रष्टाचारमुक्त समाजको ग्यारेन्टी गर्ने हो । त्यति कुरा ग्यारेन्टी ग¥यो भने राजावादी या कुनै पनि वादीको आन्दोलनबाट त्रसित हुनुपर्दैन,' उनले भने । प्राध्यापक अधिकारीका अनुसार हाल राजसंस्था पक्षधर शक्तिहरूले गर्दै आएका कार्यक्रमहरू संविधानको परिधिबाहिर गएर गरिएको देखिँदैन । 'सत्ताधारी दलहरूले असुरक्षित नै महसुस गरेका हुन् । नभए दुईचार हजारको भिडले के सत्ता परिवर्तन हुन्छ र? मलाई त्यस्तो लाग्दैन,' उनले भने ।

'व्यवस्था मान्दिनँ भन्न पाइन्छ'

राजेन्द्र लिङ्देनलगायत राप्रपाका सांसदहरूले संसद् बैठकमा पनि राजसंस्थाको पक्षमा आवाज उठाउने गरेका छन् । लोकतन्त्रमा शान्तिपूर्ण ढङ्गले फरक विचार राख्न पाउने अधिकार हुने राजनीतिशास्त्री कृष्ण पोखरेल बताउँछन् । 'हामीकहाँ पनि अहिलेको व्यवस्था मान्दिनँ भन्न अनि शान्तिपूर्ण ढङ्गले त्यसको पक्षमा जनमत तयार गर्न संविधानले रोक्दैन,' बीबीसी न्यूज नेपालीसँग उनले भने । 'शान्तिपूर्ण ढङ्गले यसको बर्खिलाफ बोल्न, लेख्न, सभा गर्न पाइन्छ । दम्भ हुनु शासक विशेषको स्वभावको कुरा भयो । तर कानुनतः शान्तिपूर्ण ढङ्गले त्यो राज्यव्यवस्था मान्दिनँ भनेर आफ्नो मत जाहेर गर्न पाउने अधिकार प्रत्येक नागरिकलाई छ, सङ्गठनलाई छ ।'

यद्यपि कुनै ठाउँ विशेषको संवेदनशीलतालाई ध्यानमा राखी सम्बन्धित ठाउँमा कार्यक्रम गर्न निषेध गर्न पाउने अधिकार चाहिँ राज्यमा निहित हुने उनी बताउँछन् । 'कुनै कार्यक्रम यदि हिंसात्मक भयो भने त्यो अवस्थामा राज्यले शान्ति सुरक्षा कायम गर्नका बल पनि प्रयोग गर्न सक्छ जस्तो मलाई लाग्छ,' उनले अगाडि थपे ।

मिति जुधाउने नियतमाथि आशङ्का

राज्यले विभिन्न कार्यक्रमहरू गरेर औपचारिक रूपमा गणतन्त्र मनाउने दिन पारेरै राजसंस्था पक्षधरहरूले आन्दोलन थाल्न लागेकोमा भने राजनीतिशास्त्री पोखरेल उनीहरूको नियतमाथि आशङ्का गर्छन् । 'त्यही दिन रोज्नु भनेको मुठभेड चाहेको भन्ने अर्थमा मैले बुझेको छु । निरन्तर आन्दोलन गर्ने भनिसकेपछि अर्को कुनै दिन पनि गर्न सकिन्थ्यो । अघि वा पछि गर्न सकिन्थ्यो,' उनले भने ।

यद्यपि गणतन्त्र दिवसकै दिन पारेर कार्यक्रम राख्नुको पछाडि रणनीतिक उद्देश्य पनि हुन सक्ने उनको ठम्याइ छ । 'गणतन्त्र त्यही दिन स्थापना भएकोले राजसंस्था पुनस्थापनाको अभियान त्यही बिन्दुबाट शुरु गर्छौँ भनेर प्रतीकात्मक रूपमा मिति रोजेका हुन सक्छन् । जुन बिन्दुबाट राजसंस्था गयो, त्यही बिन्दुबाट फर्काउने प्रयास गर्छौँ भनेर भावना जोडिएको पनि हुन सक्ला,' पोखरेलले भने । 'गणतन्त्र ल्याउने शक्तिहरूलाई कहीँ न कहीँ धक्का वा चुनौती दिन्छौँ भन्ने रणनीति पनि हुन सक्छ,' उनले अगाडि थपे । अहिले गर्न थालिएका आन्दोलनका कार्यक्रममा व्यापक रूपमा मानिसहरूको सहभागिता हुनेमा आफूलाई विश्वास नरहेको पोखरेलले बताए ।

'संविधानको अपव्याख्या'

राष्ट्रिय प्रजातन्त्र पार्टीका एक प्रवक्ता मोहन श्रेष्ठले कार्यक्रममा प्रतिबन्ध लगाउन सकिने सरकारका प्रवक्ताको अभिव्यक्तिको आलोचना गरेका छन् । 'यो अभिव्यक्ति अलोकतान्त्रिक, अप्रजातान्त्रिक छ र संविधानको चरम अपव्याख्या हो,' बीबीसी न्यूज नेपालीसँग उनले भने । राजनीतिक दल खोल्न पाउने, दलीय गतिविधि गर्न पाउने, विचार व्यक्त गर्न र राजनीतिक दललाई प्रतिबन्ध लगाउन नपाउने व्यवस्था संविधानले सुनिश्चित गरेको उनले उल्लेख गरे । 'संविधानले सुनिश्चित गरेको व्यवस्थाविपरीत गएर सञ्चारमन्त्रीले जुन अभिव्यक्ति दिनुभएको छ, त्यो दुर्भाग्यपूर्ण छ । विचारका आधारमा दमन गर्ने, त्रसित गर्ने जुन काम भएको छ, यो दुर्भाग्यपूर्ण छ,' श्रेष्ठले भने ।

संयुक्त जनआन्दोलन समितिले आह्वान गरेको कार्यक्रममा आफूहरूले साथ दिएको र त्यो पूर्वनिर्धारित कार्ययोजनाअनुसार नै अगाडि बढ्ने उनले स्पष्ट पारे । गणतन्त्र दिवसकै दिन कार्यक्रम पार्नुबारे उनले भने, 'जेठ १५ गते नै नेपालबाट षड्यन्त्रमूलक ढङ्गले राजसंस्थालाई पाखा लगाइएको दिन थियो । त्यसैले कोर्स करेक्शन त्यही बिन्दुबाट सुरु हुनुपर्छ भन्ने हिसाबले त्यो दिन चयन गरिएको हो । एउटा संयोग पनि हो ।'

# पर्वतारोहण पथप्रदर्शक पेशामा शेर्पा युवाको घट्दो आकर्षण

हरि जिज्ञासु

*सोलुखुम्बुका स्थानीय दावा शेर्पाको ४६ वर्ष सगरमाथा क्षेत्रमा आवतजावत गर्दागर्दै बित्यो । कलिलो उमेरमै हिमालमा भारी बोक्न सुरू गर्नुभएका उहाँ हाल ६१ वर्षको हुनुभयो । पर्वतारोहण पथप्रदर्शकका रूपमा आठ पटक सगरमाथा आरोहण गरिसक्नु भएका दावामा हिमालप्रतिको मोह भने अझै उस्तै छ । भरियाबाट पर्यटन क्षेत्रमा प्रवेश गर्नुभएका उहाँलाई सगरमाथा क्षेत्रका गाउँहरू र त्यहाँको बाटो निकै प्रिय लाग्छ । उहाँ विगत सम्झँदै भन्नुहुन्छ, 'हालको खुम्बु पासाङल्हामु गाउँपालिका–५ नाम्चे बजार अहिलेको जस्तो थिएन । पुराना घरहरू थिए । पर्यटन सिजनको बेलामा सयौँ टेन्ट टाँगिएका हुन्थे । शेर्पा युवाहरू कोही भारी बोक्थे, अङ्ग्रेजी बोल्न जान्नेहरू ट्रेकिङ गाइडका रूपमा काम गर्थे ।'*

*पदयात्राका क्रममा गन्तव्यमा अहिलेको जस्तो होटल थिएनन् । कतिपय स्थानमा ओडारमा रात बिताएका अनुभव उहाँसँग छ । उहाँ सम्झँदै भन्नुहुन्छ, 'जहाँ दाउरा भेटिन्छ, बोक्थ्यौँ । जहाँ ओडार भेटिन्छ, त्यहाँ बस्थ्यौँ र आगो बालेर खाना पकाएर खान्थ्यौँ । त्यो समयमा प्रायः शेर्पा समुदायका युवाहरू देखिन्थे । तर अहिले शेर्पा युवाहरू अलि कम देखिन्छन् ।'*

*पहिलो पुस्ताका अनुभवी शेर्पाहरूले पर्वतारोहण पथप्रदर्शक धाने पनि आगामी दिनहरूमा पथप्रदर्शकका रूपमा शेर्पा समुदायका युवाहरूको कमी हुन सक्ने नेपाल पर्वतारोहण महासङ्घको भनाइ छ । छिटपुट शेर्पा युवाहरूले पर्वतारोहण क्षेत्रमा आफ्नो भविष्य देखेपनि वर्षौँ पर्वतारोहण पेशामा लागेका अनुभवी शेर्पाहरूका सन्तान यो पेशामा नदेखिएको पर्वतारोहण पेशामा आबद्धहरू बताउँछन् ।*

*नेपाल पर्वतारोहण सङ्घका सञ्चार अधिकृत दीपेन्द्र गुरूङका अनुसार सोलुखुम्बु जिल्लाबाट अनुभवी पर्वतारोहण पथप्रदर्शकहरू भए पनि दोस्रो पुस्ताका शेर्पा युवाहरूको कम सहभागिता देखिन्छ । उहाँ भन्नुहुन्छ, 'हाल सोलुखुम्बुपछि सङ्खुवासभा जिल्लाबाट धेरै पर्वतारोहण पथप्रदर्शकको रूपमा सहभागी भएको देखिन्छ । त्यसपछि खोटाङ, ओखलढुङ्गालगायत जिल्लाबाट पनि सहभागिता छ ।'*

*सङ्घका अनुसार नेपालमा ४ सय ६१ हिमाल आरोहणका लागि खुला गरिएको छ । करिब १ सय ५० बढी हिमाल आरोहण हुनै बाँकी छ । कतिपय हिमालहरू अझै अध्ययनको क्रममा छन् । सञ्चार अधिकृत गुरूङ भन्नुहुन्छ, 'पर्वतारोहण पथप्रदर्शकमा शेर्पा युवाहरूको आकर्षण घट्दै गए पनि अन्य समुदायका युवाहरूको आकर्षण बढ्दो छ । भविष्यमा पर्यटकहरूको संख्या बढ्यो भने पर्वतारोहण पथप्रदर्शक जनशक्ति कम हुन सक्छ । हालसम्म चिन्ता छैन । तर, हिमाल चढ्नु जटिल पेशा भएकाले यस पेशाप्रति आकर्षण घट्छ कि भन्ने चिन्ता हो ।'*

*शेर्पा संस्कृति र शेर्पा समुदायको हिमालसँग जोडिएको सम्बन्ध केन्द्रित अध्ययन अनुसन्धान गर्दै आउनुभएका ६४ वर्षीय लाक्पा सोनाम शेर्पा पहिलेको तुलनामा पछिल्लो समय हिमाल आरोहण पेशामा शेर्पा युवाहरूको आकर्षण घट्दो क्रममा रहेको स्वीकार गर्नुहुन्छ । हालसम्म शेर्पाहरू हिमाल आरोहण पेशामा सक्रिय रहेका र आउने पुस्ता यस पेशामा रहन्छन् वा रहँदैनन् भन्ने टुङ्गो नरहेको हिमालयन उद्धार सङ्घका कार्यकारी प्रमुख गोविन्द बस्यालले बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हालसम्म हिमाल आरोहण पेशामा शेर्पा समुदायको बाहुल्यता छ । यस पेशामा आबद्ध शेर्पाका छोराछोरी कोही काठमाडौँमा आएर पढ्ने र कोही विदेशमा अध्ययन गर्ने भएकाले बाबुबाजेको पेशामा उनीहरू फर्कन्छन् भन्ने निश्चित छैन ।'*

*खुम्बु पासाङल्हामु गाउँपालिका–५ नाम्चे बजारमा शेर्पा सङ्ग्रहालय सञ्चालन गर्नुभएका लाक्पा सोनामका अनुसार शेर्पाहरूले यो पेशा छोड्दैमा भविष्यमा समस्या नहुन सक्छ । शेर्पा युवाहरूले हिमाल चढ्न छाडे अन्य समुदायका युवाहरूले चढ्ने उहाँको अनुमान छ । बरू 'पढेलेखेका केही युवाहरू व्यवसायमा लागेका छन् भने, केही युवाहरू अमेरिका, क्यानडा, जापानलगायतका देशहरूमा उच्च शिक्षा अध्ययनका लागि पुगेका छन्,' उहाँले भन्नुभयो, 'पछिल्ला पुस्ताका शेर्पा युवाहरू पेशामा सक्रिय देखिँदैन । निरन्तर आम्दानीको स्रोत नभएको र हिमाल चढ्नेहरूका लागि सरकारबाट सेवा सुविधा नभएका कारण पनि यो पेशाबाट शेर्पाहरू विस्थापित भएको हुनुपर्छ ।'*

*खुम्बु पासाङल्हामु गाउँपालिका–५ नाम्चे बजारका ओङ्छु शेर्पाका अनुसार पहिले प्रत्येक परिवारको कान्छो छोराबाहेक अरू छोराहरूले सगरमाथा आरोहण गर्नुपर्थ्यो । ओङ्छु शेर्पा आफू परिवारको एक्लो छोरा भएको कारण ट्रेकिङ गाइडको काम सम्म गरेको तर हिमाल आरोहण नगरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हाल गाउँमा*



*जलवायु परिवर्तनको कारण सगरमाथा रहन्छ कि रहँदैन भन्ने मुख्य चिन्ता रहेको उहाँ बताउनुहुन्छ । 'बर्सेनि सगरमाथामा हिउँ कम हुँदै गएको छ । सगरमाथा पत्थरमा परिणत भयो भने सगरमाथा को चढ्छ ?,' उहाँ प्रश्न गर्नुहुन्छ ।*

*हालसम्म आठ पटक सगरमाथा आरोहण गर्नुभएका ५१ वर्षीय निमा शेर्पा पर्वतारोहण पथप्रदर्शकमा शेर्पा युवाहरूको कमी भएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'हाम्रो पुस्ताका शेर्पाहरूले हाल गाइडको काम धानिरहेका छाँै । हिमाल चढ्ने पेशा जोखिमयुक्त भएको कारण पछि आउने पढेलेखेका पुस्ताले यस पेशालाई अँगाल्दैनन् कि भन्ने चिन्ता छ । हाल पर्वतारोहणमा अनुभवी र उमेरले परिपक्व शेर्पाहरू धैरै भेटिन्छन्, पछिल्लो पुस्ताका शेर्पाहरू कम भेटिन्छन् ।'*

*सोलुखुम्बुको दूधकोसी गाउँपालिका–९ का तार्के शेर्पा उमेरले ५८ वर्ष पुग्नुभयो । कलिलो उमेरदेखिनै भारी बोकेर सगरमाथा क्षेत्रमा ओहोरदोहोर गरिरहनुभएका उहाँको पनि सगरमाथा क्षेत्रसँगको गहिरो सम्बन्ध छ । आठ पटक सगरमाथा आरोहण गरिसक्नुभएका तार्केले सगरमाथा आरोहण गर्न छाड्नुभएको तीन वर्ष बितिसक्यो । आठ हजार मिटरमुनिका हिमालमा अझै उहाँ आरोहण दलको नेतृत्व गरिरहनुभएको छ । हिमाल आरोहणमा शेर्पा युवाहरूको कमी हुँदै आएको उहाँको स्वीकारोक्ति छ ।*

*युवाहरू त्यति भेटिँदैनन् । सबै विदेशिएका छन् । खुम्बु क्षेत्रका पाङबोचे, थामे, खुम्बुलगायतका गाउँका केही शेर्पा युवाहरू हिमाल चढ्ने पेशा अँगाले पनि नाम्चे बजारका युवाहरू खासै छैनन् ।'*

*तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले सन् १९५३ मे २९ मा सर्वोच्च शिखर सगरमाथा सफलतापूर्वक आरोहण गरेपछि सगरमाथा आरोहणको बाटो खुलेको हो । विश्वभरबाट पर्यटकहरू सगरमाथा आरोहण तथा त्यस क्षेत्रको अवलोकनका लागि आउन थालेपछि खुम्बु क्षेत्रका स्थानीयले भारी बोकेर आर्थिक आयआर्जन गर्ने अवसर पाएका थिए । सगरमाथा आधार शिविर पुग्नका लागि काठमाडौँबाट खुम्बु पासाङल्हामु गाउँपालिका–२ सुर्केसम्म यातायात सुविधा छ भने, काठमाडौँ र रामेछापबाट लुक्लासम्म हवाई सुविधा छ । लुक्लादेखि सगरमाथा आधार शिविरतर्फ पैदलयात्रामार्फत पुग्न सकिन्छ । बाटोमा सुविधा सम्पन्न होटलहरू छन् । हाल लुक्ला र सुर्केबाट खच्चड र मान्छेमार्फत सामान ढुवानी गरिन्छ ।*

*नेपालमा हिमाल चढ्ने समुदायको रूपमा शेर्पा समुदायलाई चिनिन्छ । कुनै समय सोलुखुम्बु जिल्लाको खुम्बु क्षेत्रका हरेक युवाहरू सगरमाथा आरोहण र ट्रेकिङ गाइडको लागि तयार हुन्थे । हाल शेर्पा युवाहरूको यस पेशाप्रति आकर्षण घट्दो देखिएको हो । रासस*

# मुलुकमा केही भएन भन्ने भ्रम छर्ने कुरा फेसन जस्तैः उपप्रधानमन्त्री सिंह

**काठमाडौ**
उपप्रधानमन्त्री एवं शहरी विकास मन्त्री प्रकासमान सिंहले मुलुकमा भए भएन भन्ने भ्रम सृजना गर्ने कार्य अहिले फेसन जस्तै भएको आरोप लगाएका छन ।उनले केही व्यक्तिहरु खाली नरासाजनक मात्रै कुरा गरेर अगाडि गईरहेको बताउदै उनिहरु सदैव भ्रम समाजमा मात्रै छर्ने गरेको बताएका छन ।

शनिवार काठमाडौंमा नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघ काठमाडौं महानगर समितिको प्रथम अधिवेशनलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । उनले अहिले के भयो र ? के भएको छ र ?

जस्ता भाष्यहरू बनाएर प्रजातन्त्रले के ल्यायो भन्दै प्रश्न गर्ने काम भइरहेको बताए ।केही व्यक्तिहरुमा मुलुकमा केही भएन भन्ने खालको चिन्तनहरु देखा परेको र उनिहरु समाजलाई दृगभ्रमित बनाउने कार्यहरु गरिरहेको बताए ।

अभिव्यक्ति स्वतन्त्रताको अधिकार कसले दियो ? भन्दै प्रश्न गरे । सङ्घर्ष र बलिदानबाट प्राप्त अधिकारको संरक्षण गर्ने काम सबैको भएको बताए । नकारात्मक कुरालाई प्रचार गर्ने काम भइरहेको भन्दै असन्तुष्टि जनाए ।

उपप्रधानमन्त्री सिंहले भने 'अहिले एउटा फेसन जस्तो के भयो र ? के भएको छ र ? यो प्रजातन्त्रले के ल्यायो र ? के दियो र भन्छन् । त्यो के दियो ? के चित्त बुझेन भन्ने अभिव्यक्ति स्वतन्त्रता दिने कसले दियो त भन्दा यही प्रजातान्त्रिक पद्धतिले दिलाएको हो । प्राप्त भएको अधिकारलाई अब हामी सुरक्षित राख्ने जिम्मेवारी कसको ? सङ्घर्ष गरेर अधिकार आयो । अधिकार आइसकेपछि अधिकार सुरक्षित राख्दै, संस्थागत गर्दै अगाडि बढाउने जिम्मेवारी तपाईँ हाम्रो काँधमा छ । अहिलेको समय खालि नेगेटिभ कुरालाई हाइलाइट गर्ने, अचिभमेण्टलाई केही होइन यो, प्राप्त गरेको कुरा केही होइन भन्ने । प्राप्त गरेको कुरा केही होइन भने के नयाँ प्राप्ति गर्न यो आवाज उठिरहेको छ त रु यतातिर पनि हाम्रो ध्यान जानुपर्छ । लामो समयको त्याग तपस्या र बलिदानले अहिलेको प्रणाली ल्याएका छौँ ।'

उपप्रधानमन्त्री सिंहले जनताको अधिकार सुरक्षित राख्ने कुरामा सबैले ध्यान दिनुपर्ने बताए ।

# गृहमन्त्रीले राजिनामा दिएर छानविनको लागि मार्ग प्रशस्त गर्न जरुरीः कोईराला

**काठमाडौ**
नेपाली काग्रसेका नेता शेखर कोईरालालो गृहमन्त्रीले आफनो पदबाट राजिनामा दिएर छानविनको लागि मार्ग प्रशस्त गर्न जरुरी रहेको बताएका छन ।उनले गृहमन्त्री जिम्मेवार होदामा बसेको कारणले उनिमाथि गम्भीर आरोपहरु लाग्दा प्रतिवाद गर्नुको साटो छानविनको लागि सहज बाटो बनाउनुपर्नेमा जोड दिएका छन ।

शनिवार विराटनगर विमानस्थलमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै नेता कोईरालाले भ्रष्टाचारको विषयमा कुरा उठिसकेपछि नैतिकताको आधारमा राजीनामा दिनु उपयुक्त हुने बताएका हुन् ।उनले लोकतन्त्रमा नैतिकता महत्वपुर्ण रहेको कारणले गर्दा सरकारमा रहेका दलहरु अहिलेको अवस्थामा उच्च आचरण देखाउनुपर्नेमा जोड दिदै यसको सुरुवात गृहमन्त्रीबाट नै हुनुपर्नेमा समेत जोड दिए ।

उनले विगतमा समेत भ्रष्टाचारको विषय उठेका केही मन्त्रीहरूले राजीनामा दिएर अनुसन्धानमा सघाएको उल्लेख गर्दै राजीनामा दिएर अनुसन्धानमा सहयोग गर्न मन्त्री लेखकलाई सुझाव दिए । उनले अध्यागमनको भिजिट भिसा प्रकरणमा संलग्नता भएको विषय उठिसकेपछि आफूलाई सही साबित गर्न पनि छानबिन हुन जरुरी रहेको बताए ।

नेपाली काग्रँस उच्च आचरण युक्र पार्टी भएको कारणले गर्दा समेत यसको लागि गृहमन्त्रीले गम्भीर बन्नुपर्नेमा जोड दिए ।उनले भने 'यो कुनै नौलो कुरा होइन । यदि त्यसो हो भने मोरल ग्राउण्डमा पनि उहाँले ल म छोडिदिन्छु छानबिन गर भनेर भने हुन्छ । सामान्य कुरा हो यो त । राजनीतिमा नैतिकता भन्ने कुरा पनि त हुन्छ नि । इस्यु आएको छ । उहाँको संलग्नता नहोला तर इस्यु आइसकेपछि आफू क्लिन छु भनेर देखाउनको लागि पनि छानबिन हुन जरुरी छ ।'

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमार्फत भिजिट भिसामा जाने युवाबाट रकम असुली गरिएको प्रकरणमा गृह मन्त्रालय समेत जोडिएको छ । यही विषयमा विमानस्थल अध्यागमन कार्यालयका प्रमुख सहसचिव तीर्थराज भट्टराईलाई नियन्त्रणमा लिएर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेको छ ।

# खोजमूलक पत्रकारिता गर्नुपर्नेमा सञ्चारमन्त्रीको जोड

**कास्की ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले खोजमूलक पत्रकारिता गर्नुपर्नेमा जोड दिएका छन ।

सञ्चार तथा सूचना मन्त्रालय र सञ्चारिका समूह गण्डकीको आयोजनामा शनिवार पोखरामा भएको पत्रकारितामा महिलाको सहभागिता तथा विकासका लागि सरोकार भएकाहरुसँगको छलफलमा उनले आम स्रोता दर्शकलाई नवीन खोज र सञ्चार तथा सूचना प्रविधिको चरम विकासले ल्याएका अवसर र चुनौतीको सामना गर्दै राष्ट्रियहित प्रवद्र्धन गर्ने विषय विषयवस्तु आमपाठक स्रोत तथा दर्शकले नपाएका बताए ।

सञ्चारमन्त्री गुरुङले भने, 'पत्रकारिताका खोजमूलक नभएपछि वास्तविकताको नजिक पुगिँदैन यसमा सबैको ध्यान जानुपर्दछ । सूचनाको हक प्राप्त गर्ने नागरिकको पहिलो अधिकार भएकाले त्यसलाई कसरी प्रत्याभूत गर्ने, कसरी व्यवस्थित र मर्यादित गर्ने भनेर मन्त्रालयले काम गरिहेको छ । 'सबै जनताले सूचना पाउने कुराको ग्यारेन्टी सार्वजनिक प्रसारणका माध्यमबाट हुन्छ ।' सरकारी सञ्चारमाध्यमको विकासका लागि नयाँ ढङ्गबाट जाने योजनामा आफू रहेको जानकारी दिँदै सञ्चारमन्त्री गुरुङले भने ।

मन्त्री गुरुङले सामाजिक सञ्जालमार्फत सार्वजनिक हुने सामग्री नियन्त्रण हुन जरुरी रहेको बताए । उनले साइबार अपराध नियन्त्रण गर्न साइबर सुरक्षा विधेयक मन्त्रिपरिषद्बाट स्वीकृत भएको र चाँडै संसदमा पेस गरिने जानकारी दिए । उनले भने, 'मिडिया काउन्सिल विधेयक शीघ्र पारित गर्ने र आचारसंहिता विपरीतका गतिविधि नियमन गरिनेछ ।'

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले देशमा गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भ भएपछि सरकारले देशको सर्वाङ्गीण विकासका निम्ति थालेका प्रयास तथा अन्य आर्थिक समृद्धितर्फका क्रियाकलापलाई नेपाली पाठक स्रोता तथा दर्शकमा कम प्रस्तुत गर्ने प्रवृत्ति 'केही पनि भएन भन्ने गलत प्रचार'प्रति सबैपक्ष संवेदनशील हुनुपर्नेमा जोड दिए ।

देशको आर्थिक विकासको महत्वपूर्ण स्रोत जलसम्पदाको भरपुर उपयोग गरी विद्युत् उत्पादन गरेर आर्थिक रुपमा सबल हुन सरकार निरन्तर क्रियाशील रहेको बताउँदै बितेका ३५ वर्षमा मुलुकका ९८ प्रतिशत जनताका घरमा बिजुली पुगेको वास्तविकता सुनाए ।

सचिव राधिका अर्यालले नयाँ प्रविधिको सञ्चार तथा सूचना प्रविधि (आइसिटी) को विकासले पत्रकारिता पेसा जटिल मोडमा पुगेको बताईन । 'को पत्रकार हुने ? के योग्यता हुने ? सञ्चारमाध्यम के हुन् र समाचारका विषयवस्तुमा प्रश्न उठ्न थालेका छन', उनले परम्परागत सञ्चार माध्यमले भन्दा 'न्यू मिडिया'ले नवीन विषय सार्वजनिक गर्ने भएकाले व्यावसायिक रुपमा उनीहरुलाई टिक्न कठिन भइरहेकोतर्फ सङ्केत गर्दै प्रश्न गरे ।रासस

# साँगे सभ्यताबारे पुस्तक 'साँगे दर्पण' सार्वजनिक

**काठमाडौँ ।**
साँगे सभ्यता संरक्षण तथा विकास अभियानद्वारा प्रकाशित 'साँगे दर्पण' नामक पुस्तक शनिवार लोकार्पण गरिएको छ । काठमाडौँको सोह्रखुट्टेस्थित लेखनाथ साहित्य सदनको सभाहलमा सो अभियानका अभियन्ताहरुले संयुक्त रुपमा पुस्तकको लोकार्पण गरे ।

गण्डकी प्रदेशअन्तर्गत तनहुँ जिल्लाको व्यास नगरपालिकाभित्र पर्ने साँगे उपत्यकाका बासिन्दाको पहलमा गठन भएको अभियानले स्थानीय सभ्यता, संस्कृति, परम्परा र समकालीन सामाजिक रूपान्तरणलाई दस्तावेजीकरण गर्न पुस्तक प्रकाशित गरेको हो ।

अभियानका संयोजक सुरेन्द्र वाग्लेले साँगे दर्पण पुस्तकमा उपत्यकाको मौलिक पहिचान, भाषा, जीवनशैली, संस्कार, संस्कृतिका विविध आयाम तथा विगतदेखि वर्तमान हुँदै भविष्यसम्मको रुपान्तरण प्रक्रियासम्बन्धी विभिन्न लेख, रचना र अध्ययन समावेश गरिएको जानकारी दिए ।

कार्यक्रममा साहित्य, संस्कृति तथा सामाजिक क्षेत्रका विशिष्ट व्यक्तिको उपस्थिति थियो ।

साथै अभियानमा योगदान पु–याउने व्यक्तित्वलाई सम्मान गरिएको थियो । यस पुस्तकले साँगे उपत्यकाको गहिरो सांस्कृतिक चेतना र इतिहासलाई भाविपुस्ताका लागि संरक्षण गर्ने विश्वास व्यक्त गरिएको छ ।रासस

# स्वास्थ्य क्षेत्रलाई व्यवस्थित बनाउने प्रयत्नमा मन्त्री पौडेल

**मोरङ ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले आमजनताले लोकतन्त्रको अनुभूति गर्नेगरी स्वास्थ्य क्षेत्रलाई व्यवस्थित बनाउन आफू क्रियाशील रहेको बताएका छन ।अठारौँ गणतन्त्र दिवसका सन्दर्भमा मोरङको गणेशमानसिंह फाउण्डेशन, नेपाल रेडक्रस सोसाइटी र लायन्स क्लब अफ विराटनगरले धनपालथान गाउँपालिका–३ सोराभागमा आयोजना गरेको बृहत् स्वास्थ्य शिविरको उद्घाटन गर्दै मन्त्री पौडेलले स्वास्थ्य क्षेत्रका बेथिति अन्त्य गरी आम नागरिकलाई सहज स्वास्थ्य सेवा प्रदान गर्न राज्यले लगानी बढाउनुपर्नेमा जोड दिए ।




उनले अन्तरराष्ट्रिय अभ्यासअनुसार नागरिकको लगानीमा बिमामार्फत नागरिकले निःशुल्क स्वास्थ्य सेवा पाउने स्थिति बनाउनुपर्छ भने । स्वास्थ्य मन्त्रालयले आगामी बजेटमा सम्पूर्ण सङ्गठित क्षेत्रलाई बिमामा जोड्ने प्रस्ताव गरेको जानकारी दिए ।

वैदेशिक रोजगारीमा गएकाले श्रम गर्ने देशबाट नै सम्पूर्ण स्वास्थ्य उपचार पाउनुपर्ने, स्वास्थ्य कर र राज्यले दिएका सुविधा बिमामा जोडनु पर्ने प्रस्ताव पेस गरेको बताए ।

प्रदेशसभा सदस्यत्रय अमृत अर्याल, डोल्मा तामाङ र गयानन्द मण्डलले धनपालथान गाउँपालिकामा निर्माणाधीन १५ शैयाको अस्पतालका लागि सहयोग गर्न आग्रह गरे ।

फाउण्डेशनका अध्यक्ष फलकुमार लालवानी, धनपालथान पालिकाका अध्यक्ष जीवछ गच्छदार र शिव प्रधानले मोरङको दुर्गम क्षेत्रका जनताको सेवामा भविष्यमा पनि स्वास्थ्य शिविर सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

आजै समापन हुने शिविरमा न्यूरो कार्डियो मल्टिस्पेशियलिटी हस्पिटलका चिकित्सकसहित ५० जना स्वास्थ्यकर्मीले क्षयरोग, न्यूरो, हाडजोर्नी, ग्यास्ट्रोलोजी, स्त्री रोग, आँखा, चर्म, श्वासप्रश्वास, सेवा, रगत परीक्षण सेवा प्रदान गरिरहेका छन् । रासस

# दश महिनामा आठ हजार बढी विपद्का घटना

**काठमाडौँ ।**
पछिल्लो १० महिनामा औसतमा दैनिक २७ वटा विपद्का घटना घटेका छन् ।

ती घटनामा मृत्यु भएका ५८९ जनाको शव व्यवस्थापन गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले जानकारी दिए । उनका अनुसार गएको मनसुनमा धेरै विपद्जन्य घटना घटेको र मानवीय क्षतिसमेत भएको थियो । प्रवक्ता थापाले १० महिनामा विपद्का आठ हजार २८३ घटना घटेको बताए । ती घटनाहरुमा परेर एक हजार ५१८ घाइते भएका छन् । कूल ३२ परिवार विस्थापित भएको उनले बताए ।

ती विपद्जन्य घटनाहरुमा ५३ हजार प्रहरी जनशक्ति परिचालन गरी खोजतलास, उद्धार, राहत तथा सुरक्षित स्थानान्तरण गरिएको प्रहरीले जनाएको छ । मनसुन प्रवेशको सँघारमा रहेकाले विपद् प्रतिकार्यका लागि प्रहरीले योजना निर्माण गरी आवश्यक तयारी गरिरहेको प्रवक्ता थापाको भनाइ छ ।

केन्द्रमा विपद् व्यवस्थापन कार्यालय रहेको र सबै प्रदेशमा विपद् व्यवस्थापन गुल्ममार्फत टोली परिचालन हुने जनाइएको छ । जिल्लामा आवश्यकताका आधारमा विपद् व्यवस्थापन टोली परिचालन हुने प्रहरीले जनाएको छ ।

जल तथा मौसम विज्ञान विभागले यसवर्षको मनसुनमा सरदर भन्दा बढी वर्षा हुने आँकलन सार्वजनिक गरिसकेकाले प्रभावकारी विपद् व्यवस्थापन अघि बढाउन आवश्यक भएको र सोहीअनुसार तयारी भइरहेको प्रहरी प्रधान कार्यालयले जानकारी दिएको छ ।रासस

# सङ्घीयताबारे छलफल गर्न राष्ट्रियसभा सदस्यहरु आ–आफ्नो निर्वाचन क्षेत्रमा

**काठमाडौँ ।**
यही जेठ ११ र १२ गते सातवटै प्रदेशमा आयोजना हुने "सङ्घीयता सबलीकरणमा राष्ट्रियसभाको जिम्मेवारी, प्रदेश र स्थानीय तहसँग समन्वय र साझेदारी" विषयमा आयोजना हुने छलफलमा भाग लिन राष्ट्रियसभा सदस्यहरु आ–आफ्ना प्रदेशतर्फ प्रस्थान गरेका छन ।

छलफलमा सङ्घीयता कार्यान्वयन, वित्तीय सङ्घीयता, सार्वजनिक सेवा र विकासका बारेमा विचारविमर्श हुने संसद् सचिवालयले जनाएको छ ।

कोशी प्रदेशमा हुने छलफलको संयोजन कृष्णप्रसाद सिटौला, मधेसमा मोहम्मद खालिद र बागमती प्रदेशमा गङ्गाकुमारी बेलबासेले गर्ने छन । यसैगरी, गण्डकी प्रदेशका लागि कमलादेवी पन्त, लुम्बिनीका लागि गोपाल भट्टराई, कर्णालीमा मायाप्रसाद शर्मा र सुदूरपश्चिम प्रदेशका लागि मदनकुमारी शाहलाई संयोजकको जिम्मेवारी तोकिएको सचिवालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । सम्बन्धित प्रदेशबाट निर्वाचित राष्ट्रियसभाका सबै सदस्य छलफमा सहभागी हुने छन ।

राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल बागमती र उपाध्यक्ष विमला घिमिरे लुम्बिनी प्रदेशको छलफल तथा मनोनित सदस्य अञ्जान शाक्य कर्णाली प्रदेशको कार्यक्रममा सहभागी हुन जनाइएको छ । रासस

# छुवाछूतका घटनाबाट १४ वर्षमा १७ जनाको ज्यान गयो

**काठमाडौँ ।**
जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय ऐन, २०६८' जारी भएको शनिवार १४ वर्ष पूरा भएको छ । तर ऐन कार्यान्वयन पछि पनि जातीय भेदभाव तथा छुवाछूतका घटनामा कमी आउन सकेको छैन ।

यस अवधिमा पानी, चुल्हो छोएको र अन्तजातीय विवाह गरेको निहुँमा १७ जना दलित समुदायका व्यक्तिको हत्या भएको छ भने कैयौँ सामाजिक बहिष्करणमा परेको समता फाउन्डेशनले जनाएको छ ।

फाउन्डेशनका अनुसार ऐन लागू भएपछि राजेश नेपाली (पर्वत), रुपमती कुमारी दास (मोरङ), नवराज विक (जाजरकोट) मनवीरे सुनार (कालीकोट), शिवशङ्कर दास (सप्तरी), सेते दमाईं (दैलेख), झुमा विक (ताप्लेजुङ), सङ्गीता परियार (तनहुँ) र अस्मिता सार्की (झापा) को हत्या भएको छ । त्यसैगरी लक्ष्मी परियार (काभ्रे), अजित मिजार (काभ्रे), श्रेया सुनार (कास्की), मना सार्की (कालीकोट), दितीया रेष्मा रसाइली (धनुषा), माया विक (कैलाली), टीकाराम नेपाली (रुकुम) र अङ्गिरा पासी (रुपन्देही) को पनि हत्या गरिएको फाउण्डेशनका अध्यक्ष डा मदन परियारले जानकारी दिए ।

ऐनबमोजिम कसुर गरेको ठहरेमा अदालतले कसुरदारबाट पीडितलाई दुई लाख रुपैयाँसम्म क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था छ ।

कसुर गर्नेलाई तीन महिनादेखि तीन वर्षसम्म कैद र ५० हजारदेखि दुई लाख रुपैयाँ जरिवाना हुने पनि व्यवस्था छ । छुवाछूतका घटनालाई गाउँमै मिलापत्र गर्ने, प्रहरी प्रशासनले ऐनबारे अनविज्ञता प्रकट गर्दै उजुरी दिन आनाकानी गर्ने र यदि उजुरी दर्ता गरेपनि पीडककै पक्षमा फैसला हुने गरेको अध्यक्ष परियारको बताउछन । अन्तरजातीय विवाह गरेकै कारण थुप्रै जोडी र दलित परिवार विस्थापित भएका छन् ।

विसं २०६८ जेठ १० गते व्यवस्थापिका–संसद्को बैठकले सर्वसम्मतिबाट 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' पारित गरेको थियो । ऐन व्यवस्थापिका–संसद्बाट पारित भएलगत्तै दैलेख तोली गाविस–२ धनीगाउँ निवासी सन्तबहादुर दमाईं र सोही स्थान बस्ने राजकुमारी शाहीबीच प्रेम सम्बन्ध कायम भई दुवैको आपसी समझदारीमा प्रेमविवाह गरेको निहुँमा राजकुमारी शाहीको माइतीपक्षले २०६८ साल भदौ १४ गते सन्तबहादुरका बाबु सेतेलाई साङ्घातिक आक्रमण गरेपछि निजको मृत्यु भएको थियो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) नेता पर्शुराम रम्तेलले ऐनको प्रभावकारी कार्यान्वयनमा राज्य गम्भीर हुनुपर्ने धारणा व्यक्त गरे । 'मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास भइरहेको छ ।

सामाजिक न्यायमा आधारित समाज निर्माणसँगै मुलुकलाई आर्थिक विकासको बाटोमा अगाडि बढाउने भनिएको छ । तर कूल जनसङ्ख्याको १४ प्रतिशत दलित समुदाय अहिले पनि विभेदको जीवन बाँचिरहेको छ', उनले भने ।

दलित समुदायमाथि भइरहेको जातीय भेदभाव तथा छुवाछूतलाई पूर्ण रुपमा अन्त्य गर्न ऐनको व्यावहारिक रुपमै प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दलित अधिकारकर्मी बताउँछन् । रासस

# गाउँ र सहर जोड्न ‘गाउँ पर्यटन मार्ट’




**गण्डकी ।**
नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको आयोजना एवं गाउँ पर्यटन प्रवद्र्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशको सहआयोजनामा शुक्रबारदेखि पोखरामा गाउँ पर्यटन मार्ट सुरु भएको छ ।

गण्डकी प्रदेशभित्र होमस्टे सञ्चालन गरिरहेका २७ होमस्टेसँगै कोशी प्रदेश र बन्दीपुरबाट पर्यटन सम्बद्ध प्रतिनिधि मार्टमा सहभागी छन् । मार्टमा सहभागी होमस्टेका तर्फबाट आआफ्ना होमस्टेमा दिइने सेवा, प्याकेज तथा आकर्षणबारे जानकारी गराइएको छभने गाउँ पर्यटन सम्बद्ध विभिन्न विषयमा छलफल सत्रहरू सञ्चालन भएका छन् ।

होमस्टे मार्टको उद्घाटन गर्दै गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मिललाल बस्यालले गाउँ पर्यटनको विकास सरकारको प्राथमिकतामा रहेको बताए । त्यसका लागि आवश्यक बजेट विनियोजन गर्ने उनले प्रतिबद्धता जनाए ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले होमस्टे केवल गाउँमै सीमित भएर चल्न नसक्ने बताउँदै सहरका मानिस गाउँ पुग्नैपर्नेमा जोड दिए । गाउँ र सहरलाई पर्यटकीय रुपमा जोड्न मार्ट सञ्चालन गरिएको उनको भनाइ छ ।

मार्टका क्रममा सञ्चार, उद्योग व्यवसाय र पर्यटनसँग सम्बन्धित व्यक्तित्वहरूबाट छुट्टाछुट्टै छलफल तथा विचार विमर्श गरिने जनाइएको छ । भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले गाउँ पर्यटनको विकाससँगै होमस्टे व्यवसायलाई प्रभावकारी बनाउन मार्ट उपयोगी बन्ने विश्वास व्यक्त गरे ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले हरेक गाउँहरू पर्यटकीय सम्भावनायुक्त हुने बताउँदै गाउँ पर्यटनको विकासका माध्यमबाट तिनीहरूको पर्यटकीय सम्भावना उजागर गर्न सकिने बताए । मार्ट भोलिसम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।रासस

# सरकारले १० महिनामा चार खर्ब ऋण उठाउँदा तीन खर्ब आठ अर्ब साँवा ब्याज भुक्तानी

**काठमाडौँ ।**
सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनामा करिब चार खर्ब बराबर सार्वजनिक ऋण उठाउँदा तीन खर्ब आठ अर्ब हाराहारी साँवा ब्याज भुक्तानी गरेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले तयार पारेको वैशाख मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब नौ करोड रुपैयाँ रहेकामा पछिल्लो १० महिनामा एक खर्ब ८८ अर्ब ३० करोड रुपैयाँ थप वृद्धि भई कूल ऋण दायित्व २६ खर्ब २२ अर्ब ४० करोड रुपैयाँ पुगेको छ । जुन कूल गार्हस्थ्य उत्पादनको ४२.९४ प्रतिशत हुन आउँछ । कूल सार्वजनिक ऋणमा वैशाख मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५१.६९ प्रतिशत अर्थात् १३ खर्ब ५५ अर्ब ६९ करोड रुपैयाँ रहेको छ ।

आन्तरिक ऋणको हिस्सा ४८.३१ प्रतिशत अर्थात् १२ खर्ब ६६ अर्ब ७० करोड रुपैयाँ रहेको छ । वैशाख महिनामा सार्वजनिक ऋण प्राप्तिभन्दा साँवा भुक्तानी बढी गरेकाले अघिल्लो महिनाको तुलनामा कूल सार्वजनिक ऋण दायित्व घट्न गएको कार्यालयले जनाएको छ । गत चैत मसान्तसम्ममा कूल सार्वजनिक ऋण २६ खर्ब ६७ अर्ब २६ करोड रुपैयाँ बराबर थियो ।

सरकारको वार्षिक लक्ष्यअनुसार आन्तरिक ऋण उठाउन प्रगति देखिए पनि बाह्य ऋण भने वार्षिक लक्ष्यको तुलनामा कम मात्र उठेको छ । ‘चालु आर्थिक वर्षमा जम्मा पाँच खर्ब ४७ अर्ब रुपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा वैशाख मसान्तसम्ममा तीन खर्ब ९० अर्ब ८३ करोड रुपैयाँ ऋण प्राप्ति भएको छ । वार्षिक लक्ष्यको तुलनामा कूल ऋण प्राप्ति ७१.४५ प्रतिशत रहेको छ’, प्रतिवेदनमा भनिएको छ, ‘जसमध्ये आन्तरिक ऋण प्राप्तिको प्रगति ९१.२५ र बाह्य ऋण प्राप्तिको प्रगति ४१.३३ प्रतिशत रहेको छ । कूल सार्वजनिक ऋण प्राप्तिमध्ये आन्तरिक ऋण ७७.०५ र बाह्य ऋण २२.९५ प्रतिशत रहेको छ ।’

चालु आर्थिक वर्षका लागि सरकारले तीन खर्ब ३० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने लक्ष्य राखेकामा हालसम्म तीन खर्ब एक अर्ब १४ करोड रुपैयाँ उठाएको छ भने २८ अर्ब ८५ करोड रुपैयाँ आन्तरिक ऋण उठाउन बाँकी छ ।

त्यसैगरी यस वर्ष दुई खर्ब १७ अर्ब रुपैयाँ बाह्य ऋण उठाउने सरकारी लक्ष्य रहेकामा हालसम्म ८९ अर्ब ६८ करोड रुपैयाँ उठिसकेको छ भने एक खर्ब २७ अर्ब ३१ करोड रुपैयाँ उठ्न बाँकी छ ।

सरकारले यस वर्ष सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीका लागि चार खर्ब दुई अर्ब ८५ करोड रुपैयाँ बजेट छुट्याएको थियो । जसमध्ये गत वैशाख मसान्तसम्ममा तीन खर्ब आठ अर्ब १४ करोड रुपैयाँ साँवाब्याज भुक्तानी भएको छ । यो वार्षिक बजेट विनियोजनको आधारमा ७६.४९ प्रतिशत हो । कूल गार्हस्थ्य उत्पादनका आधारमा वैशाख मसान्तसम्ममा कूल ऋण सेवा खर्च पाँच दशमलव ०५ प्रतिशत रहेको कार्यालयले जनाएको छ ।रासस

# गर्भनिरोधक औषधी धेरै खानेहरुमा ३ गुणा बढी स्ट्रोक हुने खतरा

**काठमाडौं ।**
आजकल अनावश्यक गर्भावस्था रोक्न मेडिकल काउन्टरमा धेरै औषधिहरू उपलब्ध रहेका हुन्छन् । यसलाई गर्भनिरोधक चक्की भनिन्छ। स्वास्थ्य विज्ञहरूका अनुसार यी औषधिहरू आपतकालीन अवस्थामा प्रयोग गर्न सकिन्छ तर यसको अत्यधिक प्रयोग खतरनाक हुन सक्छ।

किनभने, यसले हर्मोनल सन्तुलन बिग्रन सक्छ र भविष्यका लागि खतराहरू सिर्जना गर्न सक्छ। अब एउटा नयाँ अध्ययनले गर्भनिरोधक चक्की सेवन गर्दा महिलामा स्ट्रोकको जोखिम झण्डै ३ गुणाले बढ्न सक्ने खुलासा गरेको छ। यस अध्ययनमा धेरै अचम्मका कुराहरु बाहिर आएका छन्, जुन सबै महिलाले जान्नै पर्ने हुन्छ ।




टर्कीको इस्तानबुल विश्वविद्यालयको न्यूरोलोजी विभागका विज्ञहरूले यो अध्ययन गरेका हुन् । गर्भनिरोधक चक्की प्रयोग गर्ने महिलामा क्रिप्टोजेनिक स्ट्रोकको जोखिम ३ गुणा बढी हुने गरेको पाइएको छ । क्रिप्टोजेनिक एक स्ट्रोक हो, यसको कुनै स्पष्ट कारण पत्ता लागेको थिएन् । सामान्यतया यो रोग युवाहरूमा हुने ४० प्रतिशत इस्केमिक स्ट्रोक केसहरूसँग सम्बन्धित छ। यस अध्ययनका प्रमुख डा. माइन सेजगिनले गर्भनिरोधक चक्की र स्ट्रोक बीचको यो सम्बन्ध अहिले थप स्पष्ट भएको बताए ।

अचम्मको कुरा के छ भने स्ट्रोकको यो जोखिम ती महिलाहरूमा पनि देखिएको थियो, जसमा अन्य जोखिम कारकहरू भने थिएनन्। यसको मतलब यसको पछाडि आनुवंशिक वा जैविक कारण हुनसक्छ। यस अनुसन्धानमा १८ देखि ४९ वर्षका २६८ महिलालाई समावेश गरिएको थियो ।

जसलाई क्रिप्टोजेनिक इस्केमिक स्ट्रोक (सिआइएस) भनिएको छ। यसबाहेक नियन्त्रण समूहमा स्ट्रोकमुक्त महिलाको संख्या पनि उस्तै थियो । यो अध्ययन युरोपका १४ मेडिकल सेन्टरहरूमा गरिएको थियो ताकि परिणामहरू थप विश्वसनीय हुन सकून्। अन्वेषकहरूले स्ट्रोकको जोखिमलाई पूर्णतया रोक्न नसकिने तर गर्भनिरोधक औषधि सेवन गर्नु अघि रक्तनलीसँग सम्बन्धित जोखिम कारकहरू जाँच गर्नुपर्ने सुझाएका छन् ।महिलाहरु जो पहिले देखि नै उच्च रक्तचाप, हृदय समस्या वा स्ट्रोक को पारिवारिक इतिहास छ, यस्ता चक्कीहरूले उनीहरूका लागि थप खतरा निम्त्याउन सक्छ।

यस अनुसन्धानले डाक्टरहरूलाई महिलाको स्वास्थ्यको सन्दर्भमा थप सावधान र व्यक्तिगत मूल्याङ्कन गर्न मद्दत गर्नेछ।

यसले सुनिश्चित गर्नेछ कि महिलालाई गर्भनिरोधक औषधि दिनु अघि उनको स्वास्थ्य जोखिमहरू राम्ररी जाँच गरिनु जरूरी छ । अन्वेषकहरूले यो पनि भने कि उनीहरू अब कसरी हार्मोनल गर्भ निरोधकहरूले जैविक र आनुवंशिक स्तरमा स्ट्रोकको जोखिम बढाउँछ भनेर बुझ्न प्रयास गरिरहेका छन्।

यो अनुसन्धान युरोपियन स्ट्रोक संगठन सम्मेलन २०२५ मा प्रस्तुत गरिएको थियो, जसले यस विषयमा थप र गहिरो अनुसन्धानको दिशा तय गर्नेछ। यस अनुसन्धानले भविष्यमा गर्भनिरोधक चक्कीहरूको प्रयोगमा सावधानी अपनाउनुपर्ने संकेत गरेको छ। एजेन्सी

# जुलाई १ देखी जर्मनी जान थप समस्या हुने ल्यायो अप्ठयारो भिसा नीति

**बर्लिन ।**
युरोपेली मुलुक जर्मनीले आफ्नो भिसाको नयाँ नीतिलाई लिएर ठूलो घोषणा गरेको छ ।
खासमा जर्मनीले १ जुलाई २०२५ देखि ‘रिमोन्स्ट्रेशन’ भनेर चिनिने अनौपचारिक भिसा अपील अन्त्य गर्ने घोषणा गरेको छ।

वास्तवमा, यसको फाइदा यो थियो कि जब कसैले जर्मनीको भिसाको लागि आवेदन दियो र उसको भिसा अस्वीकृत भयो भने पनि उसले थप कागजातहरू देखाएर यो विकल्पमार्फत भिसा प्राप्त गर्न सक्थे । तर, यो नयाँ नीति लागु भए पछि अब एक पटक भिसा अस्वीकृत भएसँगै तपाईँसँग अर्को विकल्प हुने छैन्।

हालसम्म भिसा अस्वीकृत भएका व्यक्तिहरूले कानुनी प्रक्रिया बिना अतिरिक्त कागजात वा स्पष्टीकरण पेश गरेर निर्णयलाई चुनौती दिने विकल्प कायम गरिएको थियो। संघीय विदेश कार्यालयले घोषणा गरेको यो कदमले हरेक वर्ष जर्मन भिसाका लागि आवेदन दिने हजारौं बिदेशी विद्यार्थी र कामको खोजीमा जर्मनी जाने मानिसहरूलगायत विश्वभरका आवेदकहरूलाई असर गर्ने भएको छ ।

जर्मनीले गरेको यो घोषणा पछि जुलाई देखि कुनै आवेदकको जर्मन भिसा अस्वीकृत भएपछि उसले भिसा पाउनको लागि यो विकल्प बाँकी रहने छैन् बरु उनीसँग दुईवटा मात्रै विकल्प बाँकी रहनेछ । पहिलो, नयाँ भिसा आवेदन दायर गर्नु पर्नेछ र दोस्रो बर्लिनको जर्मनीको प्रशासनिक अदालतमा औपचारिक कानूनी अपील गर्न सकिनेछ ।

तर, भिसा अस्वीकार गरेपछि कानुनी अपील गर्न भने त्यति सजिलो छैन। कानूनी अपीलहरू समय खपत र महँगो हुने गर्छन र सामान्यतया जर्मनका स्थानिय वकिल नै चाहिन्छ। कतिपय मुद्दाहरू समाधान हुन २ वर्षसम्म लाग्न सक्छ।

जर्मनीको भिसामा यो भर्खरको परिवर्तन जुन २०२३ मा सुरु भएको पायलट प्रोजेक्ट पछि भएको हो। जर्मन विदेश कार्यालयका अनुसार भिसा प्राप्त गर्न यो विकल्प हटाउँदा धेरै फाइदाहरू हुनेछन् । वास्तवमा, यो नयाँ परिवर्तन पछि कर्मचारीहरू अस्वीकृत आवेदनमा मात्रै अड्किने छैनन्, नयाँ आवेदनमा पनि छिटो काम गर्न सक्ने भएकाले भिसा जारी गर्ने कामले गति लिने जनाइएको छ ।एजेन्सी

# शुभमन गिल भारतीय टेस्ट टिमको नयाँ कप्तान

**नयाँदिल्ली ।**
ब्याट्सम्यान शुभमन गिल भारतीय टेस्ट टिमको नयाँ कप्तान बनेका छन् ।
ऋषभ पन्त उपकप्तानमा चयन भएका छन् ।
शनिबार मुम्बईमा भएको बैठकमा बीसीसीआईले यो घोषणा गरेको हो । साथै इंग्ल्याण्ड भ्रमणका लागि १८ सदस्यीय टोलीको पनि घोषणा गरिएको छ ।



भारतले जुन २० बाट सुरु हुने इंग्ल्याण्ड भ्रमणमा ५ टेस्ट खेल्नेछ ।
विराट कोहली र रोहित शर्माको सन्यासपछि साई सुदर्शन र करुण नायर टोलीमा परेका छन् । शार्दुल ठाकुर टोलीमा फर्किएका छन् ।
जसअनुसार भारतीय टोलीमा शुभमन गिल (कप्तान), ऋषभ पन्त (विकेटकीपर, उपकप्तान), यशस्वी जैसवाल, केएल राहुल, साई सुदर्शन, अभिमन्यु ईश्वरन, करुण नायर, नितिश रेड्डी, रविन्द्र जडेजा, ध्रुव जुरेल, वाशिंगटन सुन्दर, शार्दुल ठाकुर, कृष्णा जडेजा, अर्शदीप सिंह र कुलदीप यादव। एजेन्सी

# आईपीएलः १४ वर्षीय वैभव सूर्यवंशीले थप खेल्न पाएको भए बनाउँथे धेरै रेकर्ड

काठमाडौं ।
२०२५ मा १४ वर्षीय वैभव सूर्यवंशीले क्रिकेट जगतमा हलचल मच्चाएका छन ।

राजस्थान रोयल्सका यी युवाले ७ म्याचमा २४ छक्का प्रहार गरेर आफ्नो प्रतिभा प्रमाणित मात्र गरेनन्, भविष्यमा आइपिएलको सबैभन्दा ठूलो कीर्तिमान पनि तोड्न सक्ने देखाएका थिए । यदि वैभवले लिग चरणका सबै १४ खेल खेल्न पाएको भए उनी पक्कै पनि सबैभन्दा बढी छक्का प्रहार गर्ने ब्याट्सम्यानको सूचीमा शीर्ष स्थानमा हुने थिए । र, एक सिजनमा सबैभन्दा बढी छक्का प्रहार गर्ने भारतीय ब्याट्सम्यानको कीर्तिमान पनि उनीसँग हुने थियो ।

खासमा आईपीएल २०२५ मा राजस्थान रोयल्सको प्रदर्शन निकै खराब रह्यो । १४ खेलमा ४ जितसहित ९औँ स्थानमा रहन बाध्य भयो । वैभव सूर्यवंशीले यीमध्ये ७ खेल मात्र खेल्न पाएका थिए तर यो अवधिमा उनले उत्कृष्ट प्रदर्शन गरेर दुनियाँलाई चकित बनाउन भने सफल भए ।

नेपालको छिमेकी राज्य बिहारको समस्तीपुर जिल्लाको ताजपुर गाउँमा जन्मेका वैभव सूर्यवंशीले १९ अप्रिल २०२५ मा लखनउ सुपर जायन्ट्स विरुद्ध आफ्नो आईपीएल डेब्यू गरेका थिए। उनले पहिलो बलमा छक्का प्रहार गरेर आफ्नो निडर ब्याटिङको प्रदर्शन क्षमता प्रस्तुत गरे। यसपछि उनले गुजरात टाइटन्स विरुद्ध पनि शतक बनाउन सफल । यो आईपीएलमा भारतीय ब्याट्सम्यानले बनाएको सबैभन्दा छिटो शतक पनि हो ।




आईपीएल २०२५ मा वैभवले ७ खेलमा २४ छक्का प्रहार गरेका थिए । यदि उनले लिग चरणका सबै १४ खेल खेलेको भए उनको छक्काको संख्या ४०–५० पुग्न सक्थ्यो भनिन्छ । जुन एक सिजनमा कुनै पनि भारतीयले सर्वाधिक छक्का प्रहार गर्ने नयाँ रेकर्ड बनाउन पर्याप्त थियो ।

हाल आईपीएलको एक सिजनमा सर्वाधिक छक्का प्रहार गर्ने कीर्तिमान अभिषेक शर्माको नाममा रहेको छ, उनले गत वर्ष ४२ छक्का प्रहार गरेका थिए भने यो सिजनमा सबैभन्दा धेरै छक्का प्रहार गर्ने ब्याट्सम्यान निकोलस पुरान बनेका छन् । उनले हालसम्म ४० छक्का प्रहार गरिसकेका छन् ।

वैभव सूर्यवंशीले यी ७ खेलमा उत्कृष्ट ब्याटिङ गर्दै ३६.०० को औसतमा २५२ रन बनाएका थिए । यस अवधिमा उनको स्ट्राइक रेट २०६.५५ थियो। उनी यो सिजन सर्वाधिक स्ट्राइक रेटमा रन बनाउने ब्याट्सम्यान पनि हुन् । यस सिजनमा वैभव सूर्यवंशीले शतकका साथै अर्धशतक पनि बनाएका छन् । योसँगै उनले १८ चौका पनि प्रहार गरेका थिए ।एजेन्सी

# विपन्नका आम्दानीको स्रोत बन्दै काफल



**पाल्पा ।**
यहाँको माथागढी गाउँपालिकाको रत्न माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत सविता नेपालीले काफल बिक्रीबाट प्राप्त रकमले किताब, कापी र पोसाक किन्ने गर्छिन । गरिबीका कारण पढाइ खर्च जुटाउन र अन्नको जोहो गर्न काफल बिक्री गर्दै आएको उनि बताउछिन ।
'स्कूलबाट घर पुग्दा आमा बुवाले काफल टिपेर राखिदिनुहुन्छ, अर्को दिन त्यही काफल बोकेर बिक्री गर्न नजिकैको पसलमा लैजान्छु, कहिले सडकमा गएर बस्छु, गाडीका यात्रुले किनेर लैजानुहुन्छ,' उनले भनिन्।
चैतको पहिलो हप्तादेखि वैशाख अन्तिमसम्म बिहान बेलुका काफल टिपेर बेच्दै आएको उनले बताए । दैनिक चार सयसम्मको काफल बेच्ने गरेको उनको भनाइ छ ।
अर्का छात्र मनिष सारुले पनि घरको आर्थिक अवस्था कमजोर भएकाले पढाइ खर्च जुटाउन काफल बेच्दै आएका छन । 'सँगैका साथीहरू काफल बेच्न हिँडेका छन्, राम्रै पैसा घर लान्छन', उनले भनिन, 'सिजनको फल भएकाले सबैको आम्दानीको स्रोत बनेको छ काफल।'
उनिहरु जस्ता धेरै बालबालिकाको पढाइ काफलसँग जोडिएको छ । सिजनको समयमा बिहान–बेलुका धेरै बालबालिका देवगिर, दकमडा, तानसेनका सडकहरुमा काफल बेच्दै गरेका भेटिन्छन्।
जिल्लाको माथागढी, रिब्दीकोट र रैनादेवी छहरा गाउँपालिकाका ६० बढी बालबालिका काफल बेच्ने गर्छन्। कालिका मावि मुझुङमा पढ्ने सुदिप सोमरे र प्रदीप कनौजेले काफल बेचेरै कापी कलम जोहो गर्छन् । बुटवल, भैरहवा र काठमाडौँ जाने यात्रुले मौसमी फलका रूपमा काफल किन्छन्। बालबालिकाहरुले मात्रै होइन अभिभावकले समेत काफल बिक्री गरेर अन्नको जोहो गर्छन् ।
माथागढी गाउँपालिकाको शिकारकोटकी ६५ वर्षीया वसन्ती दर्लामीले यस पटक एक महिनामा काफल बिक्री गरेर वर्ष दिनलाई पुग्ने अन्न जोहो गरे ।
'यो सिजनमा बिक्री गरेको काफलबाट आएको पैसाले एक वर्षलाई पुग्ने नुन, तेल, चिनी र दाल किनिसकेकी छु', दर्लामीले भनिन । गाउँ बस्तीलाई सडक सञ्जालले जोडेपछि शिकारकोटको मात्र नभई देवगिरका एक सय बढी परिवारका लागि आम्दानीको स्रोत बनेको छ, काफल ।
चैतको पहिलो सातादेखि वैशाखको तेस्रो सातासम्म यहाँका अधिकांश सर्वसाधारण काफल टिप्न व्यस्त हुन्छन् । स्थानीयले व्यापारीलाई प्रति माना ८० का दरले बिक्री गर्छन् । माथिल्लो शिकारकोटका २० भन्दा बढी घर परिवारले पहिलो दिन काफल टिपी भोलि बिहानै मिर्मिरेमा डोकोमा बोकी हुलै भएर खहरे, सराइ, दमकडा बजारका बस्ती–बस्तीमा पुगी मौसमअनुसार एक सयदेखि दुई सयसम्ममा प्रति माना बिक्री गर्ने गरेको स्थानीय बुधमाया घर्ती बताछिन ।
'पहिला–पहिला काफल बेच्न अहिले जस्तो सजिलो थिएन । काफल र अन्न, गहुँ, मकै, चामलसित बराबरी साट्नका लागि पोखराथोक, चिदीपानी, नायर नमतलेस, मदनपोखरा जस्ता बस्तीमा पुग्नुपथ्र्यो', उनले भनिन, अहिले आफ्नै टोल, घरबाट गाडीमा बसेर तानसेन–बुटवल जस्ता सहरमा लैजाँदा दैनिक चारदेखि छ हजारसम्म कमाइ हुन्छ ।'
देवगिरकी स्थानीय गीता बरालले गत वर्ष काफल बिक्रीबाट ४० हजार कमाउनुभयो । यस वर्ष कम फलेका कारण २०÷२२ हजार मात्रै आम्दानी हुने उनको अनुमान छ ।
यहाँका काफल बुटवल, तानसेन, बुटवलका बजारसम्म बिक्रीका लागि लगिने गरिन्छ । देवगिरका स्थानीय व्यापारी बालकृष्ण न्यौपानेका अनुसार गतवर्ष मात्रै काफल बिक्रीबाटै गाउँमा २५ लाख रुपैयाँ भित्रिएको थियो । रासस

# 'गणतन्त्रको सुदृढीकरणका लागि राजनीतिक नेतृत्व सच्चिनुपर्छ'




**काठमाडौँ ।**
राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले प्रमुख राजनीतिक दलका नेतृत्वको क्रियाकलापका कारण गणतन्त्रमाथि चुनौती उत्पन्न भएकाले नेताहरू सच्चिनुपर्नेमा जोड दिएका छन ।
गणतन्त्र दिवस–२०८२ को अवसर पारेर राष्ट्रिय जनमोर्चाले शनिवार आयोजना गरेको अन्तरक्रियामा उनले गणतन्त्रलाई सुदृढ तुल्याउन सुशासन, भ्रष्टाचार नियन्त्रण र अनियमितता अन्त्य गर्नुपर्ने सुझाव दिए । अध्यक्ष केसीले भने, 'त्यसका लागि नेपालका सबै देशभक्त, लोकतन्त्र पक्षधर राजनीतिक शक्ति, बुद्धिजीवी र आमजनताको समेत गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ ।'
नेपाल कम्युनिष्ट पार्टी (मसाल) का महामन्त्री मोहनविक्रम सिंहले राजनीतिक उपलब्धिको रक्षा गर्दै देशलाई प्रतिगमनको दिशामा जानबाट रोक्न परिवर्तन पक्षधर नेपाली जनता एकताबद्ध हुनुपर्नेमा जोड दिए ।
उनले भने, 'प्रतिगमन वा राजतन्त्रको पुनःस्थापना जस्तो प्रयत्नलाई पराजित गर्न सङ्घर्षलाई अगाडि बढाउनु अहिलेको आवश्यकता हो ।'
वरिष्ठ अधिवक्ता टीकाराम भट्टराईले वर्तमान संविधानको मर्म ठीक भएको र मुलुकको राजनीति 'तरमारा' वर्गको इसारामा अघि बढेकाले गणतन्त्र कैदमा देखिएको बताए । वरिष्ठ अधिवक्ता एकराज भण्डारीले वैज्ञानिक समाजवादी गणतन्त्र र समृद्धिका लागि राष्ट्रिय एकताको आवश्यकता औँल्याए ।
वामपन्थी नेता नवराज सुवेदीले सत्ता र बाहिर रहेका दलहरुबीचको गहिरो खाडललाई साँघुर्याउँदै लैजानुपर्ने बताए । विश्लेषक झलक सुवेदीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था प्रगतिशील भए पनि शासकीय भूमिकामा रहेका व्यक्तिको शैली र कार्यपद्धतिका कारण मुलुकले आशातित सफलता पाउन नसकेको जिकिर गरे । रासस

# सुशासनका निम्ति राजनीतिक दल सुध्रिन आवश्यक छः रुक्मिणी बराइली

*नेपाल कम्युनिष्ट पार्टी (एमाले) की नेत्री रुक्मिणी राना बराइलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय लक्ष्य पूरा गर्न सबै राजनीतिक दल केन्द्रित हुनुपर्नेमा जोड दिएका छन । काभ्रेपलाञ्चोकबाट प्रतिनितिसभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित उनले सङ्घीय सरकारलाई अझै बलियो बनाउन संविधान संशोधनको जिम्मेवारी पूरा गर्नुपर्ने आवश्यकता औँल्याए । सांसद बराइलीसँग प्रतिनिधिसभाका अनुभव, सङ्घीय संसद्का गतिविधि, संविधान कार्यान्वयन, संशोधन र युवा पलायनलगायत मुलुकको समसामयिक विषयमा राससका समाचारदाता सुशील दर्नालले लिएको अन्तर्वार्ताको सम्पादित अंशः*

**काठमाडौँ ।**
**आजभोलि केमा व्यस्त हुनुहुन्छ, के गर्दै हुनुहुन्छ ?**
एउटा राजनीतिज्ञ हुनुका नाताले जनताका काम, माग मुद्दामा केन्द्रित हुनुपर्ने विषय स्वाभाविक छ । जनताका सवालसके आफैँले पूरा गर्ने, नसकिने रहेछ भने पूरा गर्नका लागि पहल गर्ने काम गरिरहेको छु । सांसदको भूमिकामा पनि छु । त्यसैले कानुन निर्माणसँगै जनताका सवाल उठाउँदै आएकी छु । अहिले बजेट अधिवेशन भएकाले सरकारको नीति तथा कार्यक्रम, सिद्धान्त र प्राथमिकतामाथिको छलफलमा अवधारणा राख्ने काम भइरहेको छ ।



**अहिलेसम्मको तपाईंको प्रतिनिधिसभाको अनुभव कस्तो रह्यो ?**
राष्ट्रहितका सबै समस्याका समाधान गर्ने थलो प्रतिनिधिसभा नै हो । प्रदेश र स्थानीय तहको नेतृत्व गर्ने पनि प्रतिनिधि सभाले नै हो । अर्को जनताका सवाललाई सरकारसम्म पुर्‍याउने पनि संसद् नै हो । तर, मेरो संसद्प्रतिको बुझाइ र काम गराइमा फरक छ । हामी संसद्मा बहुमत र अल्पमतको अभ्यासमा छौँ । सरकारको अस्थिरताका कारण पनि संसद्ले संविधानका आधारमा जति कानुन बनाउनुपर्ने हो, त्यति कानुन निर्माण गर्न सकेको छैन ।
**संविधान कार्यान्वयनको अवस्थालाई कसरी हेर्नुभएको छ ?**
मेरो बुझाइमा १०० मा ५० प्रतिशत संविधान कार्यान्वयन भएको छ जस्तो लाग्छ । संसद्मा महिलाको सहभागितालगायत केही व्यवस्था कार्यान्वयन भएको छ । महिलाको कतिपय विषय संविधानमा छ, तर व्यवहारमा कार्यान्वयन हुन सकेको छैन । संविधानको मौलिक हकमा उल्लेख भएका दलितलगायत उत्पीडित समुदायको सवाल अहिले पनि थाति नै छ ।
**संविधान संशोधनको विषयलाई कसरी हेर्नुभएको ?**
संविधान संशोधन हुनुपर्छ । सङ्घीयता कार्यान्वयनकै सवालमा संशोधन गर्नुपर्नेछ । स्थानीय, प्रदेश र सङ्घीय सरकारको अधिकारका सम्बन्धमा संविधान संशोधन गरेर प्रष्ट पार्नुपर्नेछ । अधिकार जति सबै सङ्घमा राखिदिने तर प्रदेशले काम गरेन मात्रै भनेर हुँदैन । प्रदेशलाई अधिकार नदिएकै कारण प्रदेश सरकार प्रभावकारी बन्न सकेको छैन । संविधान कार्यान्वयनका क्रममा देखिएका जटिलतालाई समयानुकूल संशोधन गर्दै लानुपर्छ ।
**समग्रमा महिलाको अवस्थालाई तपाईंले कसरी विश्लेषण गर्नुभएको छ ?**
समग्रमा हिजो र आजको अवस्था फरक छ । पहिलेको तुलनामा अहिले महिलाले अधिकार पाएको छैन भन्न मिल्दैन । संविधान निर्माण भइसकेपछि महिलाको सहभागितालाई हेर्ने हो भने वडा सदस्यदेखि राष्ट्रपतिसम्म भएको छ । महिला सभामुख, प्रधानन्यायाधीश, सरकारको मुख्य सचिव, मन्त्री, नगरपालिका प्रमुख हुनुभएको छ । संविधानअनुसार महिलाको संसद्मा ३३ प्रतिशत सहभागिता कार्यान्वयन भएकै विषय हो । तर, यो पर्याप्त भने होइन । मुख्य कार्यकारी पदमा महिलाको सहभागिता हुन सकेको छैन । प्रतिशतको कुरा गर्ने हो भने पुरुषभन्दा महिलाको जनसङ्ख्या धेरै छ । मेरो विचारमा यदि महिलालाई आरक्षण दिने हो भने ५० प्रतिशत दिनुपर्छ ।
**जनताको जीवनस्तर र अवस्थामा कत्तिको सुधार भएको पाउनुभएको छ ?**
जनताको अवस्थालाई कसरी विश्लेषण गर्ने भन्नेमा फरक पर्छ । व्यवस्थाअनुसार जनताको अवस्थामा क्रमिक सुधार हुँदै आएको छ । विकासका हिसाबले विकास भएको छ । हिजोका दिनमा गाउँमा एक गाग्री पानी लिएर आउँदा चार घण्टा लाग्थ्यो । तर अहिले घरघरमा धारा पुगेको छ । अहिले रोजगारी भने मुख्य विषय बनेको छ । त्यसतर्फ सबै राजनीतिक दलको ध्यान जान जरुरी छ । हामीले ठूलो महल बनाएर मात्रै हुँदैन । जनताको जनजीविकाको प्रश्न पनि छ । उनीहरुलाई कसरी हुन्छ आत्मनिर्भर बनाउनुपर्ने छ । त्यसतर्फ लाग्न जरुरी छ ।
**युवा विदेश पलायन रोक्न सरकारले के गर्नुपर्छ होला ?**
युवा विदेश पलायन रोक्न सबैभन्दा पहिला शिक्षालाई कामकाजी मात्र होइन, व्यावहारिक बनाउनुपर्छ । मेरै उदाहरण दिँदा छोराले १२ कक्षा सकेको छ । अब उसलाई यहाँ बस्ने मन छैन । अभिभावकले जति खर्च गरेर पठाएको हुन्छ, त्यहीअनुसारको आम्दानी हुने स्रोत छैन । स्वदेशमा रोजगारी बढाउन औद्योगिक क्षेत्रमा सरकारले लगानी बढाउनुपर्छ । बन्द भएका उद्योगलाई फेरि सञ्चालन गर्नेतर्फ सरकारको ध्यान जान जरुरी छ । स्वदेशमै इलम पाउने व्यवस्था भए युवालाई रोक्न सकिन्छ ।
**देशमा सुशासन कायम गर्न के गर्न सकिन्छ ?**
सबैको चित्त बुझाउन सकिन्छ भन्ने छैन । तर पनि जनतालाई चाहेअनुसार सेवा दिने हो भने सुशासन कायम हुन्छ । जनतालाई सरकार भएको अनुभूति दिनुपर्छ । जनतालाई न्याय हुनेगरी काम गरेको खण्डमा सुशासन हुन्छ । तीनै तहका सरकारले इमान्दारीका साथ आआफ्नो भूमिका निर्वाह गर्ने हो भने सुशासन कायम हुँदै जान्छ । सुशासनका निम्ति राजनीतिक दल सुध्रिन आवश्यक छ ।
**देशलाई समृद्ध कसरी गर्न सकिन्छ होला ?**
यदि देश समृद्ध बनाउने हो भने समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्न सबै राजनीतिक दलबीच मतैक्यता भएर लाग्नुपर्छ । त्यसका लागि राजनीतिक दलको बीचमा स्वस्थ प्रतिस्पर्धा हुनुपर्छ । देश बनाउन आम्दानीको स्रोतको पहिचान गर्नुपर्छ । सङ्घीय सरकारले पनि बृहत योजना बनाउनुपर्छ ।
प्रदेशले आफ्नो स्थानीय पर्यटन, कृषि, कला संस्कृतिको व्यवस्थापन गर्नुपर्छ । काभ्रेपलाञ्चोककै कुरा गर्ने हो भने पर्यटनको सम्भावना छ । काभ्रेका चार वटा स्थानीय तहलाई कृषिको 'हब' भने पनि हुन्छ । हामीले ती स्थानीय तहलाई कृषि 'जोन'का रुपमा विकास गर्नसक्ने सम्भावना छ । तर कृषकलाई चाहिने मल, बीउ, भण्डारण, बजार व्यवस्थापन गर्नुपर्नेछ । पर्यटनका हिसाबले नमोबुद्ध, धुलिखेल र नगरकोटको सम्भावना छ । यी ठाउँलाई थप विकास गरेर लैजानुपर्छ । काभ्रेमा कृषिसँगै दुग्धजन्य पदार्थ पनि धेरै उत्पादन हुन्छ । त्यसको उचित व्यवस्थापन जरुरी छ । रासस

# स्थिरता र समृद्धिका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्था आवश्यकः अध्यक्ष दाहाल

**कास्की ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले देशमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय शासन प्रणाली आवश्यक रहेको बताएका छन ।
पार्टीले सञ्चालन गरेको 'जनतासँग माओवादी मध्यपहाडी लोकमार्ग जागरण अभियान' अन्तर्गत शनिवार पोखरामा आयोजना गरिएको सभामा उनले कार्यकारी राष्ट्रपतिका लागि जनतालाई प्रशिक्षित र परिचालित गर्न पनि अभियान सञ्चालन गरिएको बताए ।




अध्यक्ष दाहालले भने, 'संविधानसभाबाट संविधान बनाउँदा नै यसले स्थिरता र आर्थिक समृद्धि ठीक ढङ्गले हासिल गर्न सक्दैन भनेका थियौँ । हाल गणतन्त्र एक प्रकारको र निर्वाचन प्रणाली तथा शासकीयस्वरूप अर्को ढङ्गको भएको छ । अब कार्यकारी राष्ट्रपतीय शासन व्यवस्थाबारे जनतालाई प्रशिक्षित गर्नु आवश्यक छ ।'
उनले संविधान निर्माणका बेला प्रत्यक्ष निर्वाचित कार्यकारी भने पनि आफ्नै अडानमा बस्दा संविधान नबन्ने देखिएकाले 'नोट अफ डिसेन्ट'सहित अडान छाडेको स्मरण गरे ।
अध्यक्ष दाहालले आगामी निर्वाचनमा माओवादी पहिलो दल बन्ने आधार तयार भएको बताए । 'देशको स्थायित्व र सुशासनका लागि माओवादीले नै पहल र रूपान्तरणको अभियान छेड्नुपर्दछ भनेर लागिपरेका छौँ । रूपान्तरणको अभियान नेतृत्वबाट सुरु गरिएको छ, सबैले आत्मसमीक्षा गर्नुहोला', उनले भने, 'समाजवादी क्रान्तिको आधार तयार गरेर लैजाने सपनासहित जनजागरण अभियान अघि बढाइएको छ ।
समाजवादउन्मुख राज्य व्यवस्था परिकल्पना गरिए पनि संविधानमा यसबारे स्पष्टता नभएकाले यसबारे बुझाउन पनि जनतासँग सम्पर्क बढाएका छौँ ।'
कार्यक्रममा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले माओवादीले उठाएका सामाजिक न्याय र आर्थिक समृद्धि तथा सुशासनका मुद्दालाई जनताबीच लैजान आग्रह गरे ।
महासचिव देव गुरुङले माओवादी नेतृत्वको सपना र दृष्टिकोणअनुसार निर्माण सुरुरू भएको मध्यपहाडी लोकमार्गको बाँकी काम छिट्टै पूरा गर्नका लागि सरकारलाई दबाब दिइने बताए । रासस

# नेकपा एस पर्सा जिल्ला कमिटीको बैठक सम्पन्न

# साह र पटेल निलम्बित

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा (एकीकृत समाजवादी) पर्साको प्रथम जिल्ला कमिटी बैठक शनिबार सम्पन्न भएको छ । पार्टीका जिल्ला अध्यक्ष बालगोपाल थापाको अध्यक्षतामा बसेको बैठकले १९ सदस्यीय सचिवालय गठन गरेको छ । सचिवालय समितिमा जिल्ला पदाधिकारी अध्यक्ष बालगोपाल थापा, उपाध्यक्ष बिक्रम चौरसिया, सचिव गंगा खड्का, उप सचिव मंजुर आलम, टेकनारायण महतो, योगमाया तामाङ, क्षेत्र नं. १ बाट शान्ता देवी महर्जन, राधेश्याम सिंह, मनोज पटेल, क्षेत्र नं. २ बाट रमेश चौधरी, विनयलाल साह, नेपाल इन्दु साह, रेविन्द्र बहादुर कार्की, क्षेत्र नं. ३ बाट राजेन्द्र चौधरी, विनोद कुमार जयसवाल, वृजेश चौहान, क्षेत्र नं. ४ बाट




भोला महतो र शुशिल हजारा चयन भएका छन् । यसैगरी बैठकले पार्टीका अनुशासन विपरित काम गर्ने दुई जनालाई कारवाही समेत गरेको छ । बैठकले पार्टीको अनुशासन विपरित काम गर्ने जिल्ला सदस्य राघव साह र अनिल पटेललाई पार्टीबाट निलम्बन गर्न निर्णय गरेको जिल्ला सचिव गंगा खड्काले जानकारी दिए । जिल्ला समन्वय समितिमा पर्साको सभाहलमा बसेको बैठकको उद्घाटन पार्टीका स्थायी कमिटी सदस्य नागेन्द्र चौधरीले गरेका थिए । बैठकलाई सम्बोधन गर्दै नेता चौधरीले रोजगारी र सुशासनको लागि समाजवादी क्रान्तिको तयारी पार्टी लागेको वताए । उनले कुशासन र भ्रष्टाचारका कारण बेरोजगारी सृजना भएको वताउँदै अब त्यसको अन्त्यको लागि समाजवादी क्रान्तिको जरुरी रहेको वताए । पार्टीका केन्द्रिय सदस्य मनोज चौधरीले पार्टीमा एक ढिका भएर सबै आ–आफ्नो ठाउँबाट पार्टीको काम गर्नु पर्ने वताए । पार्टी अनुशासन विपरित काम गर्ने जोकोईलाई पार्टीले नछोडने उनले चेतावनी समेत दिए । बैठकमा पार्टीका केन्द्रिय लेखा समिति सदस्य किशोरी कुशवाहा, प्रदेश समिति सदस्य सुभदार यादव, वृज यादव, रामेश्वर धानुक, प्रभु कुर्मी लगायतको उपस्थिती रहेको थियो । बैठक मै गत चैत १३ गते भएको जिल्ला अधिवेशनबाट निर्वाचित वाकी जिल्ला सदस्यहरु सपथ ग्रहण समेत गरेका थिए ।

# एलनलाई साहित्यिक पुरस्कार

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशदृष्टिका सम्पादक रामकुमार एलन साहित्य संगम मकवानपुरद्वारा प्रदान गरिने विनोद सरिता साहित्य पुरस्कारबाट पुरस्कृत भएका छन् । शनिबार हेटौँडामा भएको संगम साहित्य उत्सवमा ११ हजार १ सय ११ रुपैयाँ राशीको पुरस्कारसहित एलनलाई सम्मानित गरिएको हो । ३ सय ५५ औं नियमित साहित्य सन्ध्या तथा संगम साहित्य उत्सव–२०८२ को अवसरमा विभिन्न विधामा योगदान पु¥याएका आठ जना स्रष्टालाई सम्मान गर्ने भएको छ ।



कार्यक्रममा 'मकवानपुर साहित्य श्री सम्मान' बाट राजकुमार लामिछाने, 'भेषनाथ अधिकारी स्मृति छन्द सम्मान'बाट टीका आत्रेय, 'दीपक मुडभरी स्मृति सम्मान'बाट समिर पाख्रिन, मङ्गलादेवी स्मृति सम्मानबाट बबि थापा, मुक्तितारा सम्मानबाट यश लामा तथा रामहरि देवु सम्मानबाट मसान उपासक सम्मानित भएका थिए । साहित्य संगम मकवानपुर कृति सम्मान अभय श्रेष्ठलाई प्रदान गरिएको थियो ।

संगमका अध्यक्ष डीबी बर्तौलाको अध्यक्षता र संस्थापक सदस्य डा. केशव श्रेष्ठ ज्योतिको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा साहित्यिक रचनावाचनसँगै 'सपना र सम्भावनाः सिर्जनामा नयाँ पुस्ता' र 'कविताः युगको प्रतिबिम्बन' विषयमा छलफल भएको थियो । प्रमुख अतिथि श्रेष्ठले संगमको अक्षय कोषलाई एकलाख रुपैयाँ प्रदान गरेका थिए ।

# 'घर–घर विरुवा, संगमदेखि उद्गमसम्म यात्रा' सम्पन्न

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको लोहारपट्टी नगरपालिका–९ स्थित पिपराढीको प्रसिद्ध धार्मिक स्थल गेरूकाधाम वरपरका क्षेत्रहरुमा नदी संरक्षण, हरियाली विस्तार र वातावरणीय सचेतनालाई जोड दिँदै 'घर–घर बिरुवा, हर–हर विरुवा' अभियानअन्तर्गत वृक्षारोपण, सरसफाइ र संवाद कार्यक्रमहरु सम्पन्न भएका छन् ।

गेरुका नदीको संगमदेखि उद्गमसम्मको पैदल यात्रा गर्दै स्थानीय युवाहरु, महिला समूह, समाजसेवी, किसान र विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागितामा नदीप्रतिको सामूहिक चेतना अभिवृद्धि गरियो । यात्राको क्रममा गेरूका नदीको दुवै किनारमा स्वच्छता अभियान, नदी संवाद तथा जलवायु परिवर्तन सम्बन्धी छलफलहरु गरिए । युवाहरूले रेल्वे स्टेशन वरपर वर, पीपल, कदम लगायतका देशी जातका बिरुवा रोपे । यो अभियानले लोहारपट्टी नगर क्षेत्रको वातावरणीय रुपान्तरण र हरियाली विस्तारमा दीर्घकालीन योगदान दिने स्थानीयको विश्वास छ । सोही अभियानअन्तर्गत स्थानीय खेलमैदान वरपर विभिन्न प्रजातिका २०० बढी बिरुवा रोपिएको छ । महिलाहरुको समेत सहभागिताले अभियानलाई नयाँ ऊर्जा दिएको आयोजकहरूले बताएका छन् ।
कार्यक्रममा सहभागीहरूले भने, 'कल्पना गर्नुस् त, जब अन्तिम रुख ढल्नेछ, अन्तिम माछा सकिनेछ, अन्तिम पानीको मुहान पनि विषाक्त हुनेछ, तब मात्रै थाहा हुनेछ कि पैसा खाएर बाँच्न सकिँदैन ।
यदि हिजो नै बिरुवा रोपिएको भए, वन जोगाइएको भए, यस्तो खतराको सामना गर्नु पर्दैनथ्यो । तर, हिजो नभए पनि आज अझै उपयुक्त समय हो ।' युवाहरूले अभियानलाई सामाजिक सञ्जाल फेसबुकमार्फत पनि प्रचार गरिरहेका छन् ।
प्रत्यक्ष रूपमा नजोडिन सक्नेहरूसमेत अनलाइन माध्यमबाट विचार, प्रेरणा र सहयोग गरिरहेका छन् । 'हामी तपाईको भाबी सन्तानलाई स्वच्छ वातावरण दिनेछौँ, हामीलाई साथ दिनुहोस्,' अभियानको सन्देशमा उल्लेख छ ।
अभियानमासमाजसेवी अमरचन्द्र अनिल, जानकी हेल्थ केयरका निर्देशक हरिशचन्द्र यादव, वृजकिशोर यादव, रविन्द्र यादव, धिरेन्द्र यादवलगायत अन्य स्थानीय सामाजिक अगुवा, किसान र महिला समूहका प्रतिनिधिहरूको सहभागिता थियो ।

# सामुदायिक वनले मधेशको वातावरण र अर्थतन्त्रलाई सम्हालेको छः सभामुख मण्डल




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सामुदायिक वन उपभोक्ता महासंघ नेपाल मधेश प्रदेशको दोस्रो परिषद् शनिबार धनुषा जिल्लाको लालगढमा भव्य रूपमा सम्पन्न भएको छ । मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलको प्रमुख आतिथ्यता र महासंघ मधेश प्रदेश अध्यक्ष सोमप्रसाद शर्माको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो ।

प्रदेशका आठवटै जिल्लाबाट आएका सामुदायिक वन प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न परिषद्ले मधेशमा वातावरणीय संरक्षण, रोजगारी सिर्जना, महिला सहभागिता र दिगो विकासमा सामुदायिक वनहरूको योगदानलाई मूल्यांकन गर्दै आगामी रणनीति तय गरेको छ ।
कार्यक्रमका प्रमुख अतिथि सभामुख रामचन्द्र मण्डलले मधेशको जैविक विविधता, पर्यावरणीय सन्तुलन र स्थानीय आर्थिक सशक्तीकरणमा सामुदायिक वनहरूको महत्व दिनानुदिन बढ्दै गएको उल्लेख गरे । 'वन केवल हरियाली मात्र होइन, यो रोजगारीको स्रोत, महिला सशक्तीकरणको थलो र वातावरणीय न्यायको आधार हो,' सभामुख मण्डलले भने, 'सही संरक्षण र न्यायोचित उपयोगमार्फत सामुदायिक वनहरू मधेशको आर्थिक रूपान्तरणको मेरुदण्ड बन्न सक्छन् ।' उनले जलवायु परिवर्तनको प्रभावबाट जोगिन र हरियाली विस्तार गर्न सामुदायिक वनहरूलाई अझ सुदृढ बनाउनुपर्ने धारणा व्यक्त गरे ।
महासंघका प्रदेश अध्यक्ष सोमप्रसाद शर्माले सामुदायिक वनहरूले विगत दुई दशकदेखि मधेशको पर्यावरण सुधार र ग्रामीण जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याएको बताउँदै यो प्रयास अझ सशक्त बनाउने प्रतिबद्धता जनाए । 'हामी संरक्षणका सवालमा कठोर छौं ।

तर, स्थानीयको आवश्यकतालाई मध्यनजर गर्दै उपभोगमा न्यायोचित हुने हाम्रो नीति हो,' अध्यक्ष शर्माले भने, 'वनको आयआर्जन, बालिनाली, औषधीय वनस्पति र उद्यमशीलताको प्रवद्र्धनमा समुदायलाई प्राविधिक र संस्थागत सहयोग आवश्यक छ ।' उनले वन समितिहरूलाई प्राविधिक दक्षता, लेखापरीक्षण पारदर्शिता र महिलासहित दलित तथा जनजातिको प्रभावकारी सहभागिता सुनिश्चित गर्नेमा जोड दिए ।
कार्यक्रममा सहभागी विभिन्न जिल्लाका प्रतिनिधिहरूले मधेशमा सामुदायिक वनहरूको अवस्थाबारे प्रस्तुति दिंदै क्षेत्रगत चुनौती र अवसरहरूबारे विचार राखे ।

पछिल्लो दशकमा मधेशका तराई पहाडी क्षेत्रहरूमा सामुदायिक वनहरूको संख्या र क्षेत्रफल उल्लेखनीय रूपमा वृद्धि भएको जनाइएको छ । वक्ताहरूले सामुदायिक वनलाई वातावरण संरक्षणसँगै ग्रामीण विकासको एजेन्डासँग जोड्नुपर्ने आवश्यकता औंल्याए ।

दोस्रो परिषद्ले सामुदायिक वन व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने, जलवायु परिवर्तन अनुकूलन योजनाहरू लागू गर्ने, वनबाट उत्पादित सामग्रीमा बजार पहुँच वृद्धि गर्ने र स्थानीय उद्यमशीलता प्रवद्र्धन गर्ने जस्ता रणनीतिमा केन्द्रित रहने निर्णय गरेको छ ।
साथै, परिषद्ले सरकारसँग नीति सुधार, बजेट विनियोजन तथा वन कानुनमा स्थानीय सन्दर्भ समावेश गर्नुपर्ने माग पनि गरेको छ ।

# मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर युवतीको मृत्यु

**मधेशदृष्टि**
**बारा ।**
बारामा शुक्रबार साँझ मोबाइल चार्ज गर्ने क्रममा करेन्ट लागेर एक युवतीको मृत्यु भएको छ । मृत्यु हुनेमा भारत अमुवाकी २४ वर्षीया बसन्ती देवी रहेकी छन् ।

उनी माइतीघरमा आएकी बेला उक्त घटना घटेको प्रहरीले जनाएको छ । प्राप्त विवरण अनुसार बसन्ती आफ्ना माइतीको घरमा मोबाइल चार्ज गरिरहेकै क्रममा अचानक करेन्ट लागेर गम्भीर घाइते भएकी थिइन् ।
परिवारका सदस्यले तत्काल उनलाई उपचारका लागि प्रादेशिक अस्पताल कलैया पुर्याए पनि उपचारको क्रममा उनको मृत्यु भएको अस्पताल स्रोतले पुष्टि गरेको छ । चार्जरमा लिकेज वा वायरिङमा समस्या भएर करेन्ट लागेको हुन सक्ने आशंका गरिएको छ । घटनाको विस्तृत अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# साहको नेतृत्वमा नेपाल मधेशी निजामति कर्मचारी मञ्च धनुषाको नयाँ नेतृत्व

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल मधेशी निजामति कर्मचारी मञ्च धनुषा जिल्ला कार्यसमितिको अधिवेशनबाट नयाँ नेतृत्व चयन गरिएको छ । शनिबार जनकपुरधाममा सम्पन्न अधिवेशनले बेचन साहको अध्यक्षतामा ११ सदस्यीय जिल्ला कार्यसमिति सर्वसम्मत रुपमा चयन गरिएको हो । मञ्चको नवगठित जिल्ला कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा राजीवप्रसाद साह, उपाध्यक्षमा चन्दा साह र सुनिल कुमार मण्डल चयन भएका छन् । सचिवमा अनिल श्रीवास्तव तथा कोषाध्यक्षमा चन्दा दासलाई चयन गरिएको छ । त्यस्तै, सदस्यहरुमा छतर पासवान, जयकृष्ण झा, रामानन्द कसयैत, निरञ्जन यादव र रामभरोषी साह रहेका छन् । कार्यक्रम मञ्चका निवर्तमान अध्यक्ष दीपक कुमार ठाकुरको अध्यक्षता र केन्द्रीय अध्यक्ष लालबाबु यादवको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । कार्यक्रममा विभिन्न वक्ताहरुले मधेशी समुदायका निजामति कर्मचारीहरूका अधिकार र हितका लागि मञ्चको भूमिका झनै सशक्त बनाउँदै लैजानुपर्नेमा जोड दिएका



थिए । कार्यक्रमका प्रमुख अतिथि तथा मञ्चका केन्द्रीय अध्यक्ष लालबाबु यादवले मञ्च मधेशी समुदायका निजामति कर्मचारीहरूको संस्थागत आवाज भएको बताउँदै राज्यसंयन्त्रमा मधेशी पहिचान र सहभागिता सुनिश्चित गर्न अझ सशक्त आन्दोलन आवश्यक रहेको धारणा व्यक्त गरे । उनले भने, 'विभिन्न तहमा कार्यरत मधेशी कर्मचारीहरू अझै पनि विभेदको सिकार बन्ने अवस्था अन्त्य गर्न मञ्चको भूमिका निर्णायक हुनेछ । यसका लागि संगठनलाई एकढिक्का बनाएर अघि बढ्नु अहिलेको आवश्यकता हो ।' अध्यक्षमा निर्वाचित भएपछि बोल्दै बेचन साहले संगठनलाई अझ परिस्कृत र सक्रिय बनाउँदै मधेशी कर्मचारीको हकहित र व्यावसायिक क्षमताको विकासमा केन्द्रित हुने प्रतिबद्धता जनाए । उनले मञ्चलाई राजनीतिक र जातीय प्रभावबाट मुक्त राख्दै सबै समुदायलाई समेट्ने प्रयास गरिने स्पष्ट पारे । कार्यक्रममा बोल्ने वक्ताहरुले कर्मचारीहरूलाई अनुशासित, उत्तरदायी र जनउत्तरदायी बनाउँदै समाज र राष्ट्र निर्माणमा योगदान दिने दिशामा मञ्चको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे । साथै, निजामति सेवा प्रणालीमा मधेशी समुदायको पहिचान र सम्मानका लागि दीर्घकालीन रणनीति आवश्यक रहेको विचार पनि व्यक्त गरिएको थियो । अधिवेशनले नयाँ कार्यसमिति चयनसँगै आगामी कार्यदिशा र संगठन सुदृढीकरण सम्बन्धी विभिन्न प्रस्तावहरू पनि पारित गरेको जनाइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन